मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष १ ● अंक २४५ ● २०८० साल असार ३१ गते आइतबार ● Sunday 16, July 2023 ● सूर्योदयः बिहान ५:२१ बजे ● सूर्यास्तः साँझ ७:१ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# सल्बलाउँदै मधेश केन्द्रित साना दल


वृषेशचन्द्र लाल


डा. विजय कुमार सिंह


राजकुमार महतो


आनन्द शर्मा

तराई मधेश केन्द्रित रहेर बहुजन एकता पार्टी नेपाल, नेपाल समाजवादी पार्टी (लोहियावादी), पिछडा वर्ग निषाद जनता पार्टी, नेपाली जनता दल, मधेशी जनअधिकार फोरम मधेश, मधेश तराई फोरम, नेपाल जनता पार्टीलगायतका अनेकन पार्टी छन् । यसमध्ये कतिपय पार्टी निस्कृय छन् भने केही पार्टी खुल्ने क्रम जारी छ ।

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
तराई–मधेश भूगोलको अधिकार, पहिचान र संस्कृतिको मुद्दा उठाएर सत्तामा पुगेका दलहरुले मधेश र मधेशीको भावना बुझ्न नचाहँदा असन्तुष्टिलाई समातेर अझै पनि मधेश आन्दोलित हुन छाडेको छैन ।

जनकपुरधामस्थित जानकी मन्दिरमा राजा महेन्द्र दर्शन गर्न आउँदा त्यतिबेला दुर्गानन्द झाले बम प्रहार गरेका थिए । जसले गर्दा उनलाई फाँसी दिइयो । त्यस अघिदेखि तराई–मधेश केन्द्रित राजनीतिक सल्बलाउँदै थिए । नेपाली कांग्रेस लोकतन्त्रको नाममा राजासँग साँठगाँठ गरी सत्ता र सरकारमा पुग्दा तराई कांग्रेसको जन्म भएकै हो । त्यसैबेलादेखि तराई–मधेशले आफ्नो भूगोल, अधिकार, पहिचान, संस्कृति र राज्यको परिकल्पना गरिरहेको इतिहास छ । संघीयताको परिकल्पना पनि त्यतिबेला नै भइसकेको थियो ।

तत्कालीन नेकपा माओवादीले थालेको दशवर्षे जनयुद्धक्रममा तराई–मधेशलाई केन्द्रित गरी मधेशी राष्ट्रिय मुक्ति मोर्चा नेपाल भ्रातृसंगठन गठन गरी मधेशमा जनयुद्धको रापताप ल्याएकै थियो ।

माओवादी सत्तामा पुगेपछि संघीयताको सवालमा पछि हटेलगत्तै माओवादी पृष्ठभूमिका उपेन्द्र यादवले मधेशी जनअधिकार फोरम गैरराजनीतिक दलबाट मधेश आन्दोलनको विगुल फुके । र, त्यसपछि मधेशमा अहिलेसम्म पनि निरन्तररुपमा आन्दोलनको हुटहुटी बेलाबखत आँधीहूरी बनेर आउने गरेको छ । असन्तुट खेमा वा 'स्पेश खोज्न' भए पनि मधेश आन्दोलनका लागि तुल र ब्यानर जोरजाम गर्ने काम रोकिएको छैन ।

मधेशकेन्द्रित जनता समाजवादी पार्टी नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, नागरिक उन्मुक्ति पार्टी, जनमत पार्टीलगायतका दल सत्तामा छन् । यी दलहरु सत्तामा रहँदा तराई–मधेशमा यी दलहरुको क्रियाकलापबाट असन्तुष्ट नेताको समूहले बनाएका दल र यी दलहरुले अहिले मधेशमा आन्दोलनको लागि स्पेश बनाउन प्रयासरत छन् ।

हालै जन्मसिद्धलगायतका सन्तानलाई नागरिकता दिइने भनी विधेयक प्रतिनिधिसभाबाट पारित भएलगत्तै सम्भवतः मधेशका करिब सबै माग सम्बोधन भएको जस्तो देखिएको टिप्पणी भइरहेका छन् । नेपाल संघीय समाजवादी पार्टीका अध्यक्ष रिजवान अन्सारीले नागरिकताको समस्या आंशिक मात्र समाधान भएको भन्दै पूर्णरुपमा समाधानका लागि आफूहरुले संघर्षका कार्यक्रम अगाडि बढाउने बताए । नेपाली सेनामा मधेशी समुदायको सामुहिक प्रवेश, एक मधेश स्वायत्त प्रदेशलगायतका एजेण्डा थाँती रहेको भन्दै यसमै केन्द्रित रहेर अघि बढ्ने योजना रहेको अध्यक्ष अन्सारीले बताए । उनले सत्तामा पुगेका जसपा, लोसपा, जनमत पार्टीलगायतका दलहरु सरकारी पार्टी भएकाले मधेशका महत्वपूर्ण मुद्दा अहिले पनि जीवन्त रहेकाले मुद्दा अघि बढाएर जनतामाझ लैजाने तयारीमा रहेको स्पष्ट पारे ।

मधेशमा तराई मधेश लोकतान्त्रिक पार्टी, नेपाल सद्भाना पार्टी, जनमुक्ति पार्टीहरु छन् । तराई मधेश लोकतान्त्रिक पार्टीका अध्यक्ष वृषेशचन्द्र लालले मधेशको मुद्दा र एजेण्डा छाडेर सरकारी पार्टी भएकाहरुले २२ वटा जिल्ला भएको मधेशलाई आठ वटा जिल्लामा सीमित गरेको भन्दै आक्रोश पोखे ।

मधेशमा तमलोपाको अगुवाइमा नेपाल सद्भावना पार्टी, राष्ट्रिय सद्भावना पार्टी र ऐतिहासिक जनता पार्टीसँग मोर्चाबन्दी गरेको छ । मोर्चाले नागरिकताका लागि अनवरतरुपमा संघर्ष गर्दै गयो भने सरकारमाथि दबाब पनि बनाएको थियो । तराई–मधेशको वैकल्पिक शक्तिका रुपमा तमलोपाले मोर्चालाई अघि बढाउँदै लैजाने नीति अख्यितार गरेको छ । नेपाल सद्भावना पार्टीका महासचिव डा.राजेश चौधरीले मधेशमा रहेका विभिन्न दलबीच एकता वा मोर्चाबन्दीका लागि प्रयास भइरहेको बताए । उनले थरुहटमा क्रियाशील नागरिक उन्मुक्ति पार्टीलाई पनि मोर्चामा ल्याउने आन्तरिक प्रयास भइरहेको बताउँदै पार्टीका आन्तरिक गतिविधिलाई तिव्रता दिइएको बताए ।

त्यस्तै, २०७९ को चुनावताका हृदयेश त्रिपाठीले पनि जनता प्रगतिशील पार्टी गठन गरेका थिए । चुनावमा भाग लिए पनि यस पार्टीले खासै सफलता हात पार्न सकेन । त्यस्तै, प्रभु साहले समेत आफ्नै नेतृत्वमा आमजनता पार्टी संगठन निर्माण गरे । अहिले यस पार्टीको विस्तार तथा विभिन्न सांगठनिक निर्माणमा सरिक देखिन्छ । त्यसैगरी मेघराज निसादले राष्ट्रिय समता पार्टी नेपाल गठन गरे, तर अहिले भने पार्टी निस्कृय छ ।

तराई मधेश केन्द्रित रहेर बहुजन एकता पार्टी नेपाल, नेपाल समाजवादी पार्टी (लोहियावादी), पिछडा वर्ग निषाद जनता पार्टी, नेपाली जनता दल, मधेशी जनअधिकार फोरम मधेश, मधेश तराई फोरम, नेपाल जनता पार्टीलगायतका अनेकन पार्टी छन् । यसमध्ये कतिपय पार्टी निस्कृय छन् भने केही पार्टी खुल्ने क्रम जारी छ । तर साना दलहरु भने अहिले आफ्नो अस्तित्वको रक्षासहित मधेशका एजेण्डालाई कसरी अघि बढाउने भन्नेमा चिन्तित देखिएका छन् ।

यता बाराका पत्रकार पृष्ठभूमिका आनन्द शर्माले राष्ट्रिय जनता दल नेपाल घोषणा गरेका छन् । केहीदिन अघि बाराको कलैयामा पत्रकार सम्मेलन गरेर दल घोषणा गरेका शर्माले छिट्ट पार्टी दर्ताको काम अघि बढाउने प्रक्रियामा छन् ।

बिहारका नेता तेजस्वी यादवसँगको तस्बिरसहित फेसबुकमा पार्टीका आक्रामक पोष्टरहरु सार्वजनिक गरिरहेका शर्माले आफूलाई 'मधेशको आगामी मुख्यमन्त्री'का रुपमा अघि सारेका छन् । उनले जनताको नेता होइन सेवक भएर काम गर्ने भन्दै लालटिन चुनावचिन्ह रहने दल दर्ताको काम अघि बढाइरहेका छन् ।

# जानकी मन्दिरसँग जोडिएको मस्जिद हटाउन माग



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राष्ट्रिय एकता अभियान धनुषाले शनिबार जनकपुरधाममा 'संघीय हिन्दु गणतन्त्र नेपालका लागि विचार गोष्ठी' गरेको छ । गोष्ठीमा नेपाललाई हिन्दू राष्ट्र बनाउने विषयमा छलफल भएको छ ।

कार्यक्रममा राष्ट्रिय एकता अभियान सम्मेलन आयोजक समितिका संयोजक विनय यादवले नेपाललाई संघीय गणतन्त्रसहितको हिन्दूराष्ट्र कायम गर्न माग गरे । धर्मनिरपेक्ष संविधानमा मुस्लिम आयोगको आवश्यकता नरहेकाले तत्काल खारेज गर्न वा हिन्दू, बौद्ध, किरात धर्मका लागि पनि आयोग व्यवस्था गर्न माग गरे ।

यादवले जनकपुरस्थित जानकी मन्दिर सम्पूर्ण नेपालीको भावनासँग जोडिएको र विश्व सम्पदा रहेकाले षड्यन्त्रपूर्वक ढंगले जानकी मन्दिरसँग जोडिएर राखिएको मस्जिद हटाउनु पर्ने बताए ।

विदेशी डलरको लालचमा फसेका बिचौलिया नेताले सनातन हिन्दू राष्ट्र हटाइ धर्मनिरपेक्षता कायम गरेको उनको आरोप छ । 'हामी संघीयता विरोधी होइनौँ तर संघीयताका नाममा हिन्दू धर्म, सभ्यता, संस्कृति र पहिचानमाथिको प्रहार कुनै पनि हालतमा स्वीकार्य छैन,' यादवले भने, 'हामी लोकतन्त्र पक्षधर भएकाले संघीय गणतन्त्रसहितको हिन्दू राष्ट्रका लागि अभियानमार्फत आन्दोलन जारी राख्छौँ ।'

तुस्टीकरण राजनीतिले हिन्दू धर्म, सभ्यता, संस्कृति र पहिचानमाथि प्रहार गर्ने मात्र नभई मुलुकलाई भ्रष्टाचारको अखडा बनाइएकामा समेत यादवले चिन्ता व्यक्त गरे । कार्यक्रममा अभियानका बन्दना पाण्डेय, डा. वीरेन्द्रप्रसाद यादव, मुरलीमनोहर मिश्र लगायतकाले विचार व्यक्त गरेका थिए । अभियानका धनुषा संयोजक मनीष पुर्बेको अध्यक्षतामा सम्पन्न कार्यक्रम विकास झा र रवि साहले सञ्चालन गरेका थिए ।

# एकडारामा योजना आधा भुक्तानी पूरै

**मधेशदृष्टि**
**महोत्तरी ।**
स्थानीय तहको आर्थिक वर्ष २०७९÷८० को योजना असार २३ गतेसम्म सम्पन्न गरी २४ गतेसम्म भुक्तानी लिइसक्नुपर्ने कानुनी व्यवस्था छ । तर मधेश प्रदेशको राजधानीसँगै जोडिएको महोत्तरी जिल्लाको एकडारा गाउँपालिकामा भने यो नियम लागु भएको छैन । त्यहाँ अहिले पनि योजनाहरु एकातर्फ सञ्चालनमा छन् अर्कातर्फ जनप्रतिनिधि र कर्मचारीको मिलोमतोमा नक्कली कागजात तयार पारेर ठेकेदारलाई धमाधम भुक्तानी गरिएको छ ।

मधेशदृष्टिलाई प्राप्त सूचनाअनुसार, एकडारा गाउँपालिकामा सञ्चालनमा रहेका योजनाको काम अधुरो हुँदाहुँदै त्यस्ता योजना र कामबापतका भुक्तानी भने पूरा भएको छ । गाउँपालिकाका अध्यक्ष दीपनारायण मण्डल, प्रमुख प्रशासकीय अधिकृत सरोजकुमार सिंह, लेखापाल सुरेश कुसवैत, इन्जिनियर शुभाष ठाकुर र कम्प्युटर अपरेटर मिथलेश ठाकुरले ठेकेदारसँग कमिसन र भागबण्डाको सेटिङ गरेर काम सम्पन्न नभएका योजनाको पनि भुक्तानी दिएको भेटिएको हो ।



एकडारा गाउँपालिका वडा नम्बर ४ हलखोरी गाउँमा ४० लाख रुपैयाँको लागतमा निर्माण भइरहेको नाला र सडक ढलान सञ्चालनमै रहेको र काम आधा मात्रै भएको छ । तर त्यस योजनाको भुक्तानी भइसकेको पाइएको छ । त्यसैगरी, वडा नम्बर २ मा पनि २५ लाख रुपैयाँको लागतमा नाला निर्माण भइरहेको काम अधुरै रहेको अवस्थामा गाउँपालिकाले कमिसनकै लागि भुक्तानी गरिसकेको अवस्था छ । पालिकाले सञ्चालन गरेका कुनै पनि योजनाको विधिवत रुपमा सम्पूर्ण काम हुनुपर्ने, प्राविधिक इन्जिनियरले गरेको लागत, इष्टमेटबमोजिम काम गरिनुपर्ने, कामपश्चात उपाध्यक्ष वा उपमेयरको संयोजकत्वमा बनेको अनुगमन समितिले अनुगमन निरीक्षण गरी पारित गरेपश्चात मात्रै भुक्तानी दिने कानुनी व्यवस्था रहेकामा एकडारा गाउँपालिकाले सबै नियम, कानुन मिच्दै कमिसनकै लागि अधुरै योजनाको भुक्तानी गरेको हो ।

४० लाख रुपैयाँ लागतमा एकडारा गाउँपालिका–४ हलखोरीमा र २५ लाख रुपैयाँ लागतमा एकडारा गाउँपालिका–२ बेला गाउँमा सञ्चालनमा रहेको नाला र सडक ढलान कार्यक्रममा मापदण्डविपरीत छड, सिमेन्ट र बालुवा प्रयोग गरेर ठेकेदारले कमसल निर्माण कार्य गरिरहेको स्थानीय रंजीत यादवले आरोप लगाए । उनले काममा व्यापक भ्रष्टाचार भएको र अझै पनि सञ्चालनमा रहेको काम सम्बन्धित निकायले तुरुन्तै बन्द गरी÷गराइ अनुसन्धान गरेर दोषीलाई कारबाहीको दायरामा ल्याउन माग गरे ।

त्यस्तै, स्थानीय सन्तोष यादव, राधे महतोलगायतकाले पनि आर्थिक वर्ष समाप्त भइसकेको अवस्थामा पनि भ्रष्टाचार गर्ने नियतले हलखोरी गाउँमा नाला र सडक ढलानको काम कमसल र मापदण्डविपरीत काम भइरहेकामा अख्तियार समेतलाई ध्यानाकर्षण गराउँदै छानबिन र कारबाही माग गरे ।

त्यस्तै, एकडारा गाउँपालिका–२ का भूपेन्द्र ठाकुरले अख्तियारले आएर तुरुन्तै एकडाराको सम्पूर्ण योजना स्थलगत निरीक्षण गरी छानबिन, अनुसन्धान र कारबाही प्रक्रिया अगाडि बढाउन माग गरे । एकडारा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सरोजकुमार सिंहले काम सम्पन्न भइसकेको दाबी गरे भने पत्रकारको टोली योजना सञ्चालन भइरहेकै स्थानबाट बोल्दैछौँ भनेपछि उनी अक्मकिए । पालिकाकी उपाध्यक्ष मजहबी खातुन आफूले कुनै अनुगमन प्रतिवेदनमा हस्ताक्षर नगरेको र त्यस्ता योजनाको भुक्तानीबारे केही थाहा नभएको बताइन् ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) सानोठिमी भक्तपुरद्वारा संचालित यस मिथिला टेक्निकल एकेडमी प्रा. लि. र आर.जे. टेक्निकल इन्ष्टिच्युट प्रा. लि. मा निम्न कार्यक्रमहरु शैक्षिक सत्र २०८०।८१ को भर्नाका लागि प्रवेश परीक्षा (Entrance) को फारम वितरण भइरहेको सहर्ष जानकारी गराउँदछौं।

भर्ना खुल्यो

फारम वितरण :-
मितिः २०८०।०३।२९ देखि
फारम भर्ने अन्तिम मिति :
२०८०।०४।१२ गतेसम्म
प्रवेश परीक्षा मिति :
२०८०।०४।२४ गते
बिहान ८ बजे

कार्यक्रम :-
१) सामान्य चिकित्सा (H.A.) - ३ वर्ष
२) स्टाफ नर्स (Staff Nurse) - ३ वर्ष
३) सि.एम.एल.टी. (CMLT) - ३ वर्ष
४) प्रि-डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ - १८ महिने
५) प्रि-डिप्लोमा इन सिभिल इन्जिनियरिङ - १८ महिने

सम्पर्क स्थान :
मिथिला टेक्निकल एकेडमी प्रा. लि.
आर.जे. टेक्निकल इन्ष्टिच्युट प्रा. लि.
क्याम्पस चौक, पिरडिया माई मन्दिरको पूर्वपट्टि, जनकपुरधाम–४
सम्पर्क नं.–९८४४०९९९२५, ९८४४०२०८८८ र ९८००८४३०१३, ☎०४१–५२८०३२

# ‘सरकारी व्यवस्थाअनुसार पारिश्रमिक निर्धारण भएन’



**हरिशंकर शर्मा**
**वीरगंज ।**
संयुक्त ट्रेड युनियन समन्वय केन्द्र मधेश, प्रदेशले सरकारले गरेको व्यवस्थाअनुसार श्रमिकको पारिश्रमिक निर्धारण हुन नसकेको आरोप लगाएको छ ।
वीरगंजमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै संयुक्त ट्रेड युनियन समन्वय केन्द्रका मधेश प्रदेश संयोजक एवम् जिफन्टका अध्यक्ष कमलेश झाले श्रम ऐन २०७४ को दफा १०७ मा हरेक दुई वर्षमा श्रमिकको पारिश्रमिक निर्धारण गर्नुपर्ने व्यवस्था भएअनुसार श्रमिकको पारिश्रमिक निर्धारण हुन नसकेको आरोप लगाए । उनले नेपालको संविधान २०७२ को धारा ३४ को उपधारा (१) र (२) मा ‘सबै श्रमिकलाई उचित श्रम अभ्यास तथा उचित पारिश्रमिक, सुविधा र योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ’ भनेर स्पष्टसँग उल्लेख गरिएको भए पनि २०७७ साल साउनबाट लागू हुने गरी पारिश्रमिक निर्धारण गर्नुपर्नेमा २०७८ मा मात्र सरकारले न्युनतम पारिश्रमिक निर्धारण गरेर मासिक १५ हजार रुपैयाँ कायम गरेको बताए । हरेक दुई वर्षमा पारिश्रमिक निर्धारण गरिनुपर्नेमा विगत दुई वर्षमा भएको मूल्यवृद्धिलाई आधार मानेर न्युनतम पारिश्रमिक कायम हुनु पर्नेमा नहुँदा श्रमिकको क्रयशक्ति दिनदिनै कमजोर बन्दै गएको झाले बताए ।
उनले यस अवधिमा श्रमिकले धान्नै नसक्ने गरी खाद्यवस्तु, शैक्षिक क्षेत्र, घरभाडा, यातायात भाडा र स्वास्थ्य सेवा लगायतमा मूल्यवृद्धि भएको भन्दै सबै श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न नसकेको कारण महंगो स्वास्थ्य सेवामा पहुँच पुग्न नसकी उपचार खर्च अभावमा श्रमिक अकाल मृत्यु स्वीकार गर्न वा रोग पालेर बस्न बाध्य हुनुपर्ने बताए । उनका अनुसार यिनै तथ्यलाई मध्यनजर गर्दै सरकार तथा रोजगारदातासँग सम्पूर्ण ज्यालाजीवीको न्युनतम पारिश्रमिक सरकारको प्रथम श्रेणीका कर्मचारी बराबर बनाउन प्रस्ताव पनि पेश गरिएको छ ।
साथै सरकारलाई श्रमिकको न्युनतम पारिश्रमिक सरकारी कार्यालयमा कार्यरत प्रथम श्रेणीका कर्मचारीको पारिश्रमिकसरह वृद्धि गर्न र रोजगारदातालाई पनि आलटाल र आफ्नो गोरुको बाहै टक्का भन्न छोडेर सहज संवादको माध्यमबाट निष्कर्षमा आउन अपिलसमेत गरेको झाको भनाइ छ । उनले समयमै श्रमिकको पारिश्रमिक वृद्धि नगरिए देशभरका श्रमिक आन्दोलनमा उत्रन बाध्य हुने चेतावनी दिए ।
कार्यक्रममा एनटियुसिका कार्यबाहक अध्यक्ष प्रदीप कुमार जयसवाल, एएनटियुएफका सहइन्चार्ज अर्जुन चिमरिया, पेशागत महासंघका अध्यक्ष रामजी प्रसाद चौहान लगायतको उपस्थिति थियो ।

# जम्मा ५३ प्रतिशत रोपाइँ

**मधेशदृष्टि**
**वीरगंज ।**
असार सकिन लाग्दा देशभर ५३ प्रतिशत धान रोपाइँ भएको छ । मौसमका हिसाबले नेपालमा धान रोपाइँका लागि उपयुक्त असार महिना सकिनै लाग्दा यसवर्ष ५३ प्रतिशत मात्र रोपाइँ भएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ ।
प्रदेशसँगको समन्वयमा कृषि विभागले उपलब्ध गराएको पछिल्लो तथ्याङ्कअनुसार गएको वर्ष भन्दा यसवर्ष १२ प्रतिशत कम रोपाइँ भएको छ ।
गएको वर्ष असार अन्तिमसम्म ६५ प्रतिशत रोपाइँ भएको थियो । देशभर १३ लाख ५७ हजार हेक्टरमध्ये अहिलेसम्म सात लाख १८ हजार हेक्टरमा रोपाइँ भएको छ । पोहोरको तुलनामा यसवर्ष कम रोपाइँ हुनुमा मनसुन र पशुचौपायामा फैलिएको लम्पी स्किन रोगको मुख्य प्रभाव रहेको कृषि मन्त्रालयका सहसचिव एवम् प्रवक्ता प्रकाशकुमार सञ्जेलले बताए ।
साउनको दोस्रो हप्तासम्ममा ९० प्रतिशतसम्म रोपाइँ हुने मन्त्रालयको अनुमान छ ।
यसवर्ष मधेश प्रदेश, लुम्बिनी र गण्डकी प्रदेशमा मनसुन सुरु हुन ढिलो भएको थियो ।
यस वर्ष मनसुनमा पानी कम पर्ने यसअघि नै पूर्वानुमान गरिएको थियो । सिँचाइको भरपर्दो सुविधा नभएको क्षेत्रमा आकाशेको पानीको भरमा धान रोपाइँ गर्नुपर्ने बाध्यता छ । त्यस्तै, जनशक्तिको अभाव र लागत महंगो हुँदा पनि किसान समस्यामा छन् । यहि बेला पशुचौपायमा लम्पी स्कीन रोग फैलिएको छ ।
यो रोगबाट मुख्य गरी गोरु सङ्क्रमित हुँदा रोपाइँमा असर परेको छ । विशेषगरी कर्णाली र सुदूरपश्चिम प्रदेशमा गोरुमा लम्पी स्किन रोगका कारण रोपाइँ प्रभावित भएको मन्त्रालयले जनाएको छ । पशु सेवा विभागको पछिल्लो विवरणअनुसार देशभर ७ लाख ६४ हजार भन्दा धेरै पशु चौपायामा लम्पी स्किन रोग देखिएको छ।
सङ्क्रमितमध्ये ४ लाख ९३ हजार पशु निको भएका छन् । झण्डै २७ हजार पशु मरेका छन्। २ लाख ४४ हजारभन्दा धेरै पशुमा रोगको सङ्क्रमण छ ।

# उन्नाइस विद्यालयका प्रअले दिए सामूहिक राजीनामा

**रासस**
**मकवानपुर ।**
मकवानपुरको मनहरि गाउँपालिकाभित्रका १९ वटा सामुदायिक विद्यालयका




प्रधानाध्यापकले संयुक्त रुपमा राजीनामा दिनुभएको छ ।
राजीनामा दिनेहरुमा मनहरि गाउँपालिकाभित्र रहेका १८ वटा प्राथमिक विद्यालय र एक माध्यमिक विद्यालयका प्रधानाध्यापकहरु छन् ।
प्रधानाध्यापकहरुले दिएको सामूहिक राजीनामा साउन १ गतेदेखि लागू हुने गरी दिइएको पत्रमा उल्लेख छ । ‘सहमति बिपरितको सरुवा सजाय हो भन्ने महसुस गरी यो अन्योलको परिस्थितिले हामी सामुदायिक विद्यालयमा कार्यरत प्रधानाध्यापकलाई काम गर्ने मनोबल कमजोर भइरहेको परिस्थिति छ ।’ राजीनामा पत्रमा उल्लेख छ ।
विद्यालयको गुणस्तर सुधारको नाममा गाउँपालिकाले विना कारण प्रधानाध्यापकको सरुवा गर्न खोजेपछि सामूहिक रुपमा राजीनामा दिन बाध्य भएको बताइएको छ । एक प्रअका अनुसार प्रधानाध्यापकबाट राजीनामा दिए पनि पढाउन भने छाड्ने छैनन् । यता मनहरी गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेतीले भने गाउँपालिकाले गरेको सरुवाको निर्णयमा धेरै प्रधानाध्यापक सहमत भइसकेको जानकारी दिए ।
उनले शिक्षक महासङ्घका अध्यक्ष नवराज डोटेलले विषयलाई राजनीतिकरण गराएर अनावश्यक बखेडा झिक्न खोजेको दाबी गरे । ‘अहिले सार्वजनिक गरिएको राजीनामा करिब १० दिन अगाडिको हो । हामी गाउँपालिकाको शिक्षा र स्वास्थ्य क्षेत्रको सुधार अभियानमा छौँ ।
प्रधानाध्यापकलाई सकेसम्म आपसी समझदारीमा सरुवा हुनुहोस् भनेका हौँ । उहाँहरुले नमानेपछि हामीले सरुवा गर्न खोजेका हौँ ।’ अध्यक्ष कालाखेतीले स्पष्ट पारे ।
पालिकाको शिक्षा क्षेत्र सुधारका लागि पालिकाले शिक्षकलाई प्रत्येक महिना तलब खुवाउने, उत्कृष्ट शिक्षकलाई पुरस्कार र सम्मान गर्ने, प्रधानाध्यापक भत्ता पाँच सयबाट बढाएर दुई हजार पुर्याउने अभियानमा रहेको कालाखेतीले जानकारी दिए ।
‘शिक्षा क्षेत्र सुधार्ने विषयमा सबैको साथ आवश्यक छ । यो गाउँपालिकाको शिक्षा समितिले गरेको निर्णय हो । सकेसम्म आपसी समझदारीमै सरुवा हुन समय दिनेछौँ । तर कसैले मान्दिन भन्छ भने हामी कानुनअनुसार अघि बढ्नेछौँ ।’ अध्यक्ष कालाखेतीले भन्नुभयो ।

# कटहरियामा महिलाको शव बरामद

मधेशदृष्टि
रौतहट ।
रौतहटको लालबकैया नदीमा एक महिलाको शव बरामद भएको छ । जिल्लाको कटहरिया नगरपालिका वडा नम्बर ४ हर्षाहा स्थित लालबकैया नदिमा महिलाको शव फेला परेको प्रहरीले जनाएको हो । गुजरा नगरपालिका वडा नम्बर ४ स्थित बौधि टोल बस्ने बलबहादुर मगरको श्रीमती वर्ष ७० की रत्नमाया मगरको शव फेला परेको ईलाका प्रहरी कार्यालय गरुडाका प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले जानकारी दिए ।
अविरल वर्षातले लालबकैयामा शुक्रबार आएको बाढीले मृतक मगरलाई बगाएको र उनको शव शनिबार फेला परेको प्रहरी नायब उपरीक्षक खनालले बताए ।
मृतकको शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल गौर राखिएको छ भने घटनाको थप अनुसन्धान भइरहेको उनले बताए ।

# जनकपुरधाममा शुलभ गर्ल्स होस्टेल संचालन

**मधेशदृष्टि**
**जनकपुर**
जनकपुरधामको रामानन्द चोकमा महिला तथा छात्राहरुको आवाससहितको व्यवस्थापन संचालनमा आएको छ ।
जनकपुरधाममा डेराको समस्या रहेको समयमा एकल महिला तथा अध्ययनलगायतका काममा आउने महिला छात्रालाई कठिनाई नहोस्




भन्ने उद्देश्यका साथ शुलभ गल्र्स होस्टेल संचालनमा ल्याइएको जनाइएको छ ।
जनकपुरधाममा अध्ययनका लागि आउने छात्राहरुको आवास तथा भोजनमासमेत व्यवस्थालाई ध्यानमा राख्दै गल्र्स होस्टेल संचालनमा ल्याइएको संचालिका रिंकुदेवी साहले जानकारी दिइन् । शुलभ गल्र्स होस्टेल छात्राहरुको सुविधाका लागि संचालनमा ल्याएको होस्टेलका संचालिका साहले बताइन् । उनले शिक्षा क्षेत्रमा प्रत्यक्ष नभएपनि अप्रत्यक्ष रुपमा सहयोग पुग्ने हिसाबले छात्रा होस्टेलको शुरुवात गरेको बताइन् ।
४० जना छात्राहरु आवासको क्षमता रहेको यस होस्टेलमा आवासका लागि मासिक ८ हजार रुपैयाँ खर्चिनु पर्नेछ । यसका साथै होस्टेलमा महिला तथा छात्राहरुको सुरक्षा, निगरानी र भोजनमा समेत विशेष ध्यान दिइने संचालक उनले बताइन् ।

# सप्तकोशीमा खसेको ट्रक निकालियो



**मधेशदृष्टि**
**सप्तरी ।**
मधेश प्रदेश र कोशी प्रदेशको सीमावर्ती क्षेत्र सप्तकोशी नदीमा शुक्रबार खसेको मालवाहक ट्रक शनिबार निकालिएको छ ।
शुक्रबार बससँग ठोक्किएर सप्तकोशीमा खसेको मे १ ख ३००७ नम्बरको मालवाहक ट्रकलाई शनिबार निकालिएको हो ।
नदीमा खसेको ट्रक निकाल्नका लागि क्रेनको सहयोग लिइएको थियो । ट्रक निकाल्ने क्रममा केही बेर ब्यारेज पुलमा आवागमन नै ठप्प पारिएको थियो ।
सप्तरी र सुनसरीको सीमा छुट्याउने कोशी ब्यारेजको पुलको १० नम्बर ढोकाअगाडि ट्रक नदीमा खसेको थियो ।
ट्रकमा सवार तीनजनालाई शुक्रबार नै सकुशल उद्धार गरिएको थियो ।

# ६ देशका लागि राजदूत सिफारिस

**मधेशदृष्टि**
**काठमाडौं ।**
सरकारले ६ देशका लागि राजदूत सिफारिस गरेको छ ।
बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकले राजदूत सिफारिस गरेको हो । राजदूतको लागि सिफारिसमा परेका सबै परराष्ट्र मन्त्रालयका सहसचिव रहेका छन् । जसअनुसार अमेरिकाको न्युयोर्कस्थित राष्ट्रसंघका लागि नेपाली स्थायी नियोगमा लोकबहादुर थापा, युनाइटेड अरब इमिरेट्सको लागि तेजबहादुर क्षेत्री, कुवेतको लागि घनश्याम लम्साल, थाइल्यान्डका लागि धनबहादुर ओली, फ्रान्सका लागि सुधिर भट्टराई र जेनेभास्थित स्थायी नियोगको लागि रामप्रसाद सुवेदीको नाम राजदुतमा सिफारिस गरिएको छ ।

# सशुल्क प्रसारण च्यानलहरु बन्द हुने

**मधेशदृष्टि**
**काठमाडौं ।**
सरकारले आगामी साउन १ गते अर्थात सोमबारदखि सबै सशुल्क प्रसारण हुने विदेशी च्यानल बन्द हुने अवस्था आएको जनाएको छ ।
सूचना तथा प्रशारण विभागले विज्ञप्ति जारी गर्दै ‘अला कार्ट’ शुल्क प्रणालीका लागि सरकारले मागेबमोजिम बुकेहरु (च्यानलहरुको प्याकेजहरु) प्राप्त नभएको भन्दै सबै सशुल्क प्रसारण हुने विदेशी च्यानल बन्द हुने अवस्था सिर्जना भएको जनाएको हो ।
भारतीय सःशुल्क अर्थात पे टीभी च्यानल प्रसारक संस्थाहरुले नेपालको ‘अला कार्ट’प्रणाली लागू गर्न सहयोग नगरेको भन्दै विभागले सरकारी निर्णयलाई दृढतापूर्वक सहयोग गर्न अपील पनि गरेको छ ।
भारतीय च्यानहरुको छाता संगठन इण्डियन ब्रोडकास्टिङ एण्ड डिजिटल फाउन्डेसनले सूचना तथा प्रसारण विभागलाई पत्राचार गर्दै च्यानलहरुको प्याकेज बनाएर छुट्टाछुट्टै मूल्य तोक्ने कुरा मान्य नहुने जानकारी गराएको थियो ।
यो जानकारीपछि विभागले विदेशी च्यानलको प्रसारण रोकिने अवस्था आएको जनाएको हो । विभागका प्रवक्ता सुदीप भट्टराईले जारी गरेको विज्ञप्तिमा सरकाले मागअनुसार बुके र शुल्क नबुझाएकाले अला कार्ट प्रणाली लागु गर्न अवरोध देखिएको उल्लेख छ । सरकारले असार २८ गतेसम्म विदेशबाट पैसा तिरेर खरिद गरिने विदेशी च्यानलहरुले बुके र यस्तो बुकेमा रहने च्यानलको प्रत्येक च्यानलको छुट्टाछुट्टै मूल्य बुझाउनुपर्ने नियम बनाए पनि कोही पनि तयार भएनन् । उनीहरु सरकारले मागअनुसारको बुके र त्यसको मूल्य बुझाउन तयार नभएपछि सरकार सबै सशुल्क विदेशी च्यान रोक्ने निष्कर्षमा पुगेको हो ।
सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले २०७९ चैत १५ गते टेलिभिजन सेवामा ‘अला कार्ट’ मूल्य प्रणाली लागु गर्ने निर्णय गरेको थियो ।



# आइटी आर्मी दोस्रो वार्षिक उत्सवको तयारीमा जुट्यो



**मधेशदृष्टि**
**रौतहट ।**
आम जनता पार्टी (आजपा) को सहायक संगठनको रुपमा रहेको आइटी आर्मीले आफ्नो दोश्रो वार्षिक उत्साव मनाउनका लागि आन्तरिक तयारीमा जुटेका छन् । आइटी आर्मीको दोश्रो वार्षिक उत्सवको अवसर पारेर भव्यताका साथ मनाउने भएको छ । शनिबार केन्द्रीय कार्यलय कोटेश्वमा बसेको पदाधकिरी बैठकबाट यस्तो निर्णय गरेको हो । यही साउन ५ गते वार्षिक उत्सव मनाउनका लागि बैठकबाट निर्णयसमेत गरिएको आजपा अध्यक्षसमेत रहेका पूर्वमन्त्री प्रभू साहले जानकारी दिए ।
देशमा केहि वर्ष देखि आइटी आर्मी संगठनले मुलुकमा बढ्दै गएको चरम भ्रष्टाचार, महँगी, बेथिति, कुशासनकाविरुद्धमा तथा आर्थिक, सामाजिक र राजनीतिक विषयमा समेत देशलाई संकटबाट जोगाउनका लागि आइटी आर्मीको अह्म भुमिका रहेको उनले बताए । आइटी आर्मीको केन्द्रीय संयोजक चन्द्रभुषण साहले दोश्रो वार्षिक उत्सव धुमधामसाथ मनाइने भएकाले देशव्यापीरुपमा भव्यतासाथ मनाउनका लागि आन्तरिक तयारीमा जुटेको बताए ।

# बर्दिवास मेडिकल कलेज बनाउन बाटो खुल्यो




**मधेशदृष्टि**
**बर्दिवास ।**
महोत्तरीको बर्दिवासमा मेडिकल कलेजका लागि पूर्वाधारसहितको कामकाज अघि बढिरहँदा सो कामकाज तत्काल बन्द गर्नका लागि डेढ वर्ष अघि दिएको अन्तरिम आदेशसहितको रिट सर्वोच्च अदालतले खारेज गरेको छ । सर्वोच्च अदालतमा वन क्षेत्रमा बर्दिवास मेडिकल कलेज निर्माणको विरुद्धमा परेको रिट खारेज गरिएसँगै कलेजको निर्माणको कामकारवाही फेरी अघि बढ्ने भएको छ ।
बर्दिवास मेडिकल कलेज निर्माणका लागि गठित बर्दिवास मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजनाले यस अघि नै छनोट गरेको जग्गामा कामकाज अघि बढाउने भएको छ ।
यसका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरी स्वीकृतिका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पेस गरिएको आयोजनाका निर्देशक देवीप्रसद सुवेदीले जानकारी दिए ।
त्यस्तै जग्गाका लागि समेत बर्दिवासको खोला छेउमा रहेको सो वनजंगल जस्तोदेखिएपनि वनजंगल भन्न नमिल्ने हुनाले यसका लागि वन तथा वातावरण मन्त्रालयस्तरीय निर्णयबाट वातावरणीय प्रभाव मूल्यांकन स्वीकृत भइसकेको निर्देशक सुवेदीले बताए । उनले जग्गाको भोषधिकारको लागि वन तथा वातावरण मन्त्रालयमा ०७८ भदौमा विवरणसहितको फाइल यसै मन्त्रालयमा पेस गरिसकेको बताए ।
निर्देशक सुवेदीले वन तथा वातारण मन्त्रालयबाट जग्गाको भोगाविधकारको लागि मन्त्रीपरिषद्मा प्रस्ताव लग्नुपर्ने, मन्त्रीपरिषदबाट मेडिकल कलेजको लागि जग्गको भोगाधिकार प्राप्त भएपछि वन मन्त्रालयबाट रुख विरुवाको छपान, कटान र घाट गद्दीको प्रक्रिया अघि बढाइने बताए ।
जग्गाको भोगाधिकारसँगै अर्थमन्त्रालयबाट मेडिकल कलेजको लागत अनुसार बजेटको स्रोत सुनिश्चितता हुने छ भने स्रोतको सुनिश्चिततासँगै राष्ट्रिय योजना आयोगबाट मेडिकल कलेजको बहुवर्षिय स्वीकृत लिइने योजना रहेको छ ।
यससँगै बहुवर्षिय ठेक्काको स्वीकृतिपछिको अवधिमा गर्न सकिने कामको लागि आवश्यक बजेट माग गनुपर्ने, बजेट प्राप्त भएपछि मात्र निर्माणको लागि प्रक्रिया सुरु गरिने भएको छ ।
बर्दिवास मेडिकल कलेजमा ६ सय शैय्याको अस्पताल रहने छ भने यसका लागि २० अर्ब ४२ करोड १६ लाख ३५ हजार ८६८ रुपैयाँको लागत लाग्ने जनाइएको छ ।

# मुनड्रप खानेपानीको बोतलमा लेउ फेला



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको चन्द्रनिगाहपुरमा रहेको मुनड्रप खानेपानीको बोतलमा लेउ फेला परेको छ ।
स्थानिय एक पसलमा पिउनका लागि ल्याइएको मुन ड्रप्स नामक मिनरल वाटर बोतलमा रहेको पानीमा सेतो देखिने लेदो सहितको अखाद्य पदार्थ भेटिएको हो ।
इलाका प्रशासन कार्यालय नजिकैको एक पसलमा कम्पनीबाट खरिद गरिएको मुनड्रप्स पानीको सील सहितको बोतलमा लेउ र लेदो सहितको अखाद्य पदार्थ भेटिएको स्थानीय उपभोक्ताले बताएका छन् ।
मुन बेब्रेज इण्डष्ट्रिज प्रालि चन्द्रपुर– ५ द्वारा उत्पादन गरिएको मुनड्रप्स नामको पानीको बोतलमा लेदोसहितको अखाद्य पदार्थ भेटिएपछि चन्द्रनिगाहपुरसँगै रौतहट आसपासका जिल्लामा समेत उक्त पानीका उपभोक्ताहरु त्रसित भएको स्थानीय पत्रकार संतोष काफ्लेले बताए । पानीमा भेटिएको पदार्थ बारे चेकजाँच गरिनुपर्ने र उपभोक्ताको स्वास्थ्यमा खेलवाड गर्ने कम्पनीमाथि कारबाही गरिनुपर्ने स्थानीयवासीको माग रहेको छ ।

# सात करोड ठगेर भण्डारी दम्पती फरार





**मधेशदृष्टि**
**बारा ।**
बाराको निजगढ नगरपालिकाका विभिन्न व्यक्ति, सहकारी तथा वित्तीय संस्थाहरूबाट सात करोड रुपैयाँ भन्दा बढी रकम उठाएर एक दम्पती फरार भएका छन् ।
फरार भएका जिल्लाको निजगढ नगरपालिका वडा नम्बर ९ का निलु भनिने मनिला गौतम र उनका श्रीमान् पप्पु भनिने भुवन भण्डारी रहेका छन् ।
विभिन्न व्यक्ति, सहकारी तथा वित्तीय संस्थाहरुको सात करोड रुपैयाँ भन्दा बढी रकम उठाएर दुवै जना फरारभएसँगै सम्पर्क विहीन भएपछि उनीहरूबाट ठगिएका पीडितहरूले आफ्नो रकम असुल गराइदिनका लागि जिल्ला प्रहरी कार्यालय बारामा गुहार मागेका छन् ।
भण्डारी दम्पतीबाट ठगिएकी निजगढ बस्ने कल्पना खरेलले भनिन्, ‘मनिलाले जग्गा खरिद गर्न लागेको भन्दै ऋण मागेकी थिइन्, मैले २०७९ भदौ ८ गते पाँच लाख रुपैयाँको चेक उनका श्रीमान् भुवनलाई दिएर पठाएको, तर उनीहरूलाई दिएको रकमसमेत फिर्ता नगरी सम्पर्क विहीन बनेर फरार भएको छ ।’
समउन्नत महिला बहुउद्देश्यीय सहकारी संस्था निजगढका अध्यक्ष समेत रहेकी पीडित खरेलले आफू जस्ता ६५ जना व्यक्तिहरुबाट छ करोड ५० लाख रुपैयाँ र वित्तीय संस्था तथा सहकारीहरुबाट ५० लाख रुपैयाँ असुलेर श्रीमान् र श्रीमती मुलुक बाहिर जान सफल भएको बताइन् ।
त्यस्तै हिमचुली साना किसान कृषि सहकारी संस्था, समाधान बचत तथा ऋण सहकारी संस्था, अन्नपूर्ण बहुउद्देश्यीय सहकारी संस्थालगायत १६ वटा संस्थाबाट ५० लाख रुपैयाँ र ६५ जना विभिन्न व्यक्तिहरुबाट छ करोड ५० लाख रुपैयाँ गरी सात करोड भन्दा बढी रकम ठगी गरी उनीहरू फरार भएको खरेलले गुनासो गरिन् ।
आफूहरु र वित्तीय संस्थाहरुसँग लिएको रकमको सवा र ब्याज नतिरी मनिला गौतम एक्कासी सम्पर्क विहीन बनेपछि उनलाई देश बाहिर जानबाट रोक्नका लागि सुरुमा निजगढ नगरपालिकाकाको न्यायिक समितिमा ठगीको उजुरी दर्ता गराएको उनले जनाइन् ।
न्यायिक समितिमा ठगी सम्बन्धि उजुरी परेपछि पटक÷पटक ती महिलालाई बोलाउनका लागि फोन गर्दा पनि फोन नलागेपछि प्रहरीलाई जानकारी गराएको निजगढ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजमणी निरौलाले बताए ।
केही काम गर्ने सपना बोकेर सहकारीमा जम्मा गरेको पैसा एकमुष्ट निकाल्न लगाएर मनिलाले आफूलाई ठगेकी अर्का एक पीडित नारायण शर्माले दुखेसो गरे ।
त्यस्तै निजगढमा फैन्सीको पसल सन्चालन गर्दै आएकी मनिलाले चिने जानेका व्यक्तिहरू, भएका वित्तीय संस्था तथा सहकारीबाट सात करोड रुपैयाँ भन्दा बढी रकम उठाई सकेपछि २०७९ को मंसिर महिना नै श्रीमानलाई दुबई पठाइसकेकी छन् । श्रीमान् भुवन भण्डारी दुबई गएको दुई महिना पछि श्रीमानले कमाएर पठाए पछि सबैको पैसा तिर्ने भनी आश्वासन दिँदै आएकी मनिला आफै २०७९ को माघ महिनाको अन्त्यतिर एक्कासी सम्पर्क विहीन बनेकी छन् ।
अहिले फरार रहेका दम्पतीको बारेमा पत्ता लगाउन नगरपालिकादेखि जिल्ला प्रहरी कार्यालय सम्म उजुरी दिएको पीडित खरेलले बताइन् ।
बाराका प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले निजगढ नगरपालिका र स्थानीयहरुबाट करोडौँ रुपैयाँ ठगेर भागेको मनिला गौतम र भुवन भण्डारीलाई पक्राउ गर्न जाहेरी आएको बताए ।
दुवै जनाको विरुद्धमा जाहेरी आएपछि उनीहरुको विरुद्धमा ठगीको मुद्दा दिनका लागिसल्लाह दिएको र पीडितहरूले ठगीमा मुद्दा लिएर आएमा कानुनी प्रक्रिया पुरा गरेर इन्टरपोलको माध्यमले ठगी गरेर भागेकाहरुलाई पक्राउ गरेर ल्याउन सकिने प्रहरी उपरीक्षक बोगटीले बताए ।


## भावपूर्ण श्रद्धाञ्जली



स्व. सीता दाहाल ज्यू

नेकपा माओवादी केन्द्रका अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ज्यूको धर्मपत्नी र गणतन्त्रकी जननी **सीता दाहाल**ज्यूको अकल्पनीय स्वर्गारोहण भएको खबरले हामीलाई मर्माहत बनाएको छ । दिवङ्गत आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै यस दुःखद् घडीमा शोकसन्तप्त परिवारजनलाई धैर्य धारण गर्न सक्ने शक्ति प्रदान गर्न गढीमाईसँग प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौँ ।

**बाबुराम कौशिक**
**सल्लाहकार**

**एवं**

**विश्वामित्र प्र. कलवार**
**पूर्वअध्यक्ष**

**कल्वार कल्याण समिति (परिवार)**


# चालु वर्षमा करेन्ट लागेर १३ को मृत्यु



**सञ्जय मिश्रा**
**रौतहट ।**
रौतहटमा एक वर्षमा करेन्ट लागेर १३ जनाको मृत्यु भएको छ ।
यस आर्थिक वर्षमा रौतहटमा थप एकजनाको मृत्यु भएसँगै करेन्ट लागेर मर्नेहरुको संख्या १३ पुगेको छ ।
शनिबार जिल्लाको परोहा नगरपालिकामा आफ्नै खेतमा पानी पटाउने क्रममा करेन्ट लागेर शेख तैयवको मृत्यु भएको हो ।
मृतक तैयब परोहा नगरपालिकाका शेख वकिलका ठुलो दाई हुन् । दिउँसो पानी पटाउने क्रममा विद्युतिय मोटर बाट उनलाई करेन्ट लागेर उपचारका लागी अस्पतालमा लैजानेक्रममा बाटैमा मृत्यु भएको प्रहरीले जनाएको छ ।
यस अघि विद्युतीय करेन्ट लागेर गरुडा नगरपालिका वडा नम्बर ८ स्थित बसबिट्टी जिंगडियाका ५० बर्षको शेख साह महम्मदको मृत्यु भएको थियो ।
गत बुधवार अपरान्ह साढे तीन बजे आफ्नै घरमा विद्युतीय हिटरमा खाना पकाउने क्रममा तारमा चुहिएर महमदलाई करेन्ट लागेर अचेत भएका थिए । यसलगत्तै एम्बुलेन्सबाट प्रादेशिक अस्पाताल गौरमा लगिएकोमा उपचारको क्रममा साँझ साढे पाँच बजे उनको मृत्यु भएको ईलाका प्रहरी कार्यालय गरुडाका प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले जानकारी दिए ।
यसका साथै रौतहटमा चालु आर्थिक वर्षमा विद्युतीय करेन्ट लागेर मृत्यु हुनेको संख्या १३ पुगेको छ ।
जिल्लामा सबैभन्दा बढी विद्युत मोटरबाट करेन्ट लागेर मृत्यु भएको तथ्यांक रहेको छ ।
मोटरबाट खेतमा पानी पताउँदा, विद्युतीय उपकरणबाट नुहाउने क्रममा, विद्युतीय तार जोड्ने क्रममा करेन्ट लागेर कुल १३ जना सर्वसधारणको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

# एकैरातमा दस घरमा चोरी



मधेशदृष्टि
रौतहट ।
रौतहटको राजदेवी नगरपालिकामा एकैपटक १० घरमा चोरी भएको छ । शुक्रबार राती विभिन्न १० वटा घरको भित्ता फोरेर लाखौं रुपैयाँ बराबरको चोरी भएको हो ।
राजदेवी नगरपालिका वडा नम्बर ७ स्थित मुडवालबा गाउँमा धनमाल चोरी भएको रौतहट प्रहरीले जनाएको हो ।
स्थानीय मुकेश प्रसाद यादव, रामनरेश यादव, रामनाथ यादव, रामपति यादव, लालबाबु यादव, पवन यादव, नन्दकिशोर यादव, सन्तोष यादव, रामगुलाम यादव र एजन राय यादवको घरबाट फोरेर धनमालसमेत चोरी भएको हो ।
रामपति यादवको घरबाट नगद ८६ हजार रुपैयाँ, एक थान सुनको कानको बाली, चाँदीको पाएल, मोबाइल १ थान, हेल्मेट १ रलताकपडा लगायतका सामान चोरी भएको छ ।
यी सबै घरमा सुरुङ्ग खनेर चोरी भएको छ । मुकेश यादव, नरेश यादव र रामनाथ यादवको घर बाट २ थान मोबाइल चोरी भएको छ ।
त्यस्तै रामगुलाम यादवको घरबाट ३१ हजार रुपैयाँ चोरी भएको पीडित परिवारले जनाएका छन् ।
जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक उमाशंकर यादवले घटनाको पुष्टि गर्दै त्यसबारे थप अनुसन्धान भइरहेको बताएका छन् ।

हिजो र भोलिको चिन्ता नगर्नुहोस्,
किनकि जे हुनु छ, त्यो हुनेछ।
जे हुन्छ, राम्रोको लागि मात्र हुन्छ ।
त्यसैले वर्तमानको आनन्द लिनुहोस्।
– भागवत गीता

## सम्पादकीय

# जसपा मिटरब्याजीका पक्षमा ?

तराई मधेशमा २४ हजार उजुरीका चाङ छन् । अनुचित लेनदेनसम्बन्धी कारोबारलाई निरुत्साहित पार्न वैशाख १७ गते मधेश प्रदेशमै कार्यालय रहने गरी आयोगको कार्यालय सञ्चालनमा आयो । अझ मधेशका सबै जिल्ला प्रशासनमा उजुरीको सुविधा दिइयो । यसैलाई लक्ष्यित गरेर ऐन ल्याइयो । तर संसदबाट ऐन पारित हुन सकेन । एमालेलगायतका दलहरुको आन्दोलनले ऐन निष्प्रभावी भयो अर्थात् समयसीमामा ऐन पारित भएन । यतिखेर भने सत्तारुढ दलहरुकै कारण मिटरब्याज पीडितलाई राहत दिन सरकारले ल्याएको विधेयक अनिश्चित बनिरहेको छ । तराई मधेशमा एमालेलगायतका दलहरुका कारण विधेयक निष्प्रभावी बन्यो भन्ने सन्देश प्रवाह भइरहेका बेला एकाएक सत्तारुढ गठबन्धनकै एक प्रमुख घटक र अर्कातिर भर्खर बनेको समाजवादी मोर्चाको प्रमुख घटक नै यसको विपक्षमा उभिएको पाइएको छ । जनता समाजवादी पार्टी नेपाल ऐन पारित गर्न सकारात्मक नभएको पाइएको छ ।

यसअघि विपक्षी दलहरुको सदन अवरोधका कारण विधेयक अलपत्र परेको सत्तारुढ दलहरुले आरोप लगाउँदै आएका थिए । तर सत्ता गठबन्धनमा रहेको दल जनता समाजवादी पार्टी (जसपा) विधेयकको विपक्षमा रहेपछि सदनमा छिट्टै अघि बढाइने भनेको विधेयक अनिश्चित बनेको हो । जसपाले यथास्थितिमा विधेयकको पक्षमा मत दिन नसक्ने अडान लिएपछि सरकारले विधेयक अघि बढाउन सकिरहेको छैन । जसपाले विधेयकमा राखिएको प्रावधानमा विरोध कायमै राख्ने भएपछि सरकारको आग्रहमा संसद् सचिवालयले हिजोको प्रतिनिधिसभा बैठकमा विधेयक पारित गर्ने प्रस्तावको कार्यसूची हटाएको छ । संशोधन नगरी विधेयक पारित गर्न खोजेमा विपक्षमा मतदान गर्ने जसपाले चेतावनी दिएपछि सरकार पछि हटेको हो । यसबारे सहमतिको प्रयास भैरहेको सत्तारुढ दलका नेताहरुको भनाइ छ । विधेयकमा कसैले लेनदेन नभएको वा नगरेको रकम दिएको भनी लिखत तयार गर्ने, लेनदेन गरेको वास्तविक रकमभन्दा बढीको लिखत तयार गर्ने, ब्याज रकमसमेत साँवामा जोडी लिखत तयार गर्ने, ऋणीले तिरेको रकमको भर्पाइ नदिने वा लिखत नबनाउने कार्यलाई कसुरको रूपमा प्रस्ताव गरेको छ ।

त्यस्तै, साँवाभन्दा बढी ब्याज लिने, ऋण असुलीका लागि कुनै प्रकारको धम्की दिने, शोषण गर्ने, ऋणीको अचल सम्पत्तिको हक हस्तान्तरण गरी लिने जस्ता काम गर्न, गराउन वा अनुचित लेनदेनको रकम असुलउपर गर्न ऋणीलाई हैरानी पु¥याएमा पनि कसुर गरेको ठहरिने प्रस्ताव विधेयकमा छ । आयोगले राम्रै काम गरिरहेको थियो । मधेशका केही पीडितले आफ्नो जग्गा पनि फिर्ता पाएका थिए । उसो त मिटरब्याजीहरुको जुलुश पनि मधेशमा ननिस्किएको होइन । उपेन्द्र यादवले यसमा एमालेको भागमा परिरहेको दोष किन आफ्नो भागमा पनि केही शेयर लिन खोजे ? यसले दिने सन्देश के हो ? काठमाडौँमै विधेयक पारित गर्न जुलुश निस्किरहेको छ । जनताको कुरा के गलत थिए ? किन जसपा विधेयकको विपक्षमा उभियो ? जसपाले जवाफ दिन जरुरी छ ।

## ✍ लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना हो: madheshdristi@gmail.com

# अझै हुन सकेन ‘हरियो वन, नेपालको धन’



‘संरक्षण, प्रवद्र्धन र विकासमा महत्वपूर्ण योगदान पु¥याएका उपभोक्ताले अहोरात्र खटिएर सन्तानलाई जस्तै माया गरेर हुर्काएको वन मुलुकको धन बन्न नसकेकामा यतिखेर उनीहरुमा निरासा पैदा भएको छ ।’ वन क्षेत्रको हैसियत वृद्धि गर्दै निरन्तर आम्दानीको स्रोत बनाउन सकिने आधार भनेको दिगो वन व्यवस्थापन भएको, ‘हरियो वन नेपालको धन बन्न नसक्नु वनसम्बन्धी नीति र विनियम एवम् सरोकारवालाको सोच नै बाधक हुन् ।’ – **अध्यक्ष भण्डारी**

हरिप्रसाद बास्तोला



‘हरियो वन, नेपालको धन’ भन्ने गरेको वर्षौं भइसकेको छ । तर पनि वन जङ्गलबाट पाउनुपर्ने लाभ प्राप्त भएको छैन । जङ्गलमा ठूलो संख्यामा काठ कुहिने गरे पनि सर्वसाधारणहरू बजारमा विदेशबाट आएका काठ तथा फर्निचरसँगै आल्मुनियम, युपिभिसी एवम् फलामको प्रयोग गर्न बाध्य छन् ।

विदेशी काठ एवम् आल्मुनियम र युपिभिसीको प्रयोग अधिकांश उपभोक्ताका लागि रहर नभएर बाध्यता बनेको छ । वन ऐन तथा यससँग जोडिएका नियम तथा नियमावलीहरू नै ‘हरियो वन नेपालको धन’ भन्ने नाराको विपरीत समस्याका रुपमा आएको वनविज्ञ डा नयाँ पौडेल शर्मा बताउनुहुन्छ । उहाँका अनुसार स्वदेशी काठ वनमै कुहिएर खेर जाने गरेको छ भने पछिल्लो तथ्याङ्कले नेपालमा चीन, भारत, मलेसिया लगायतका विभिन्न मुलुकबाट वार्षिक खर्बौं रुपैयाँको काठ एवम् काठजन्य सामग्री भित्रिने गरेको तथ्याङ्क छ । ‘मुलुकका सामुदायिक वन तथा सरकारद्वारा संरक्षण वनका साल लगायतका विभिन्न काठमा प्रयोग हुने रूखहरु उपयोगका लागि उपयुक्त छन्’, उहाँले भन्नुभयो, “परिपक्क भएका सम्पूर्ण रूखहरु निकालेर प्रयोग गर्दै एउटा रूख निकालेबापत १० वटा बिरुवा रोप्ने अभियान सञ्चालन गर्ने हो भने वन क्षेत्र घटने होइन वृद्धि नै हुन्छ ।”

सामुदायिक वनको काठ निकासीमा झन्झटिलो नीतिगत व्यवस्था, ढुवानीको कारण महङ्गो पर्ने हुँदा वन पैदावारमा आधारित उद्योगले काठ खरिद गर्न नसक्ने अवस्था रहेको उल्लेख गर्दै उहाँले भन्नुभयो, ‘‘वनलाई समृद्धिसँग जोड्नका लागि सरकार, निजी क्षेत्र र सामुदायिक वन उपभोक्ताको समन्वय र सहकार्य अपरिहार्य छ । रूख काटेर जङ्गल सकिँदैन, योजनाबद्ध रुपमा वैज्ञानिक एवम् प्रविधियुक्त व्यवस्थापन गर्ने हो भने वातावरणमैत्री तथा कार्बन सञ्चितिमा वृद्धि हुनाका साथै काठलगायतका वन पैदावार निकासीबाट विदेशी मुद्रा आम्दानीको राम्रो आधार वन्न सक्ने उहाँको भनाइ छ ।

सगरमाथा र बुद्धजन्म भूमिकासँगै पछिल्लो समयमा नेपाल विश्वसामु सामुदायिक वनको रुपमा परिचित वन्न सफल भएको शर्माले बताउनुभयो । दिगो वन व्यवस्थापनको नीति अङ्गीकार गर्दै प्राकृतिक स्रोतलाई भरपुर उपयोग गर्नेतर्पm लाग्ने हो भने मुलुकलाई काठमा आत्मनिर्भर बनाउँदै हरित रोजगार सिर्जना गर्न सकिने उहाँको तर्क छ । ‘वन क्षेत्र संरक्षणमुखी मात्र होइन समृद्धिको आधार बन्न सक्नुपर्दछ’, उहाँले भन्नुभयो, ‘तर विडम्बना कूल भूभागको ४५ प्रतिशतको हाराहारीमा विस्तार भएको वन क्षेत्रको प्रतिफल भने न्यून रहेको छ ।’

वन फँडानीका कारण उजाड भएको वन क्षेत्रको संरक्षण र विकासमा स्थानीय बासिन्दालाई जिम्मा दिएसँगै सामुदायिक वनको अवधारणा मुलुकका लागि कोशेढुङ्गा साबित भएको राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिका सदस्यसचिव डा सिन्धु ढुङ्गाना बताउनुहुन्छ । सन् २०१९ मा गरिएको एक अध्ययनका अनुसार नेपालको कूल वन क्षेत्रबाट वार्षिक १२ करोड क्युफिट काठ उत्पादन गर्न सकिन्छ । नेपालको बजारमा छ करोड क्युफिटको हाराहारीमा काठको माग रहेको छ । आवश्यकता पूरा गरेर बाँकी छ करोड क्युफिट काठ निकासी गर्ने हो भने पनि सरकारी दरका आधारमा बार्षिक अर्बौं रुपैया आम्दानी गर्न सकिने वर्तमान अवस्थामा वन क्षेत्रको हैसियत रहेको सदस्य–सचिव ढुङ्गानाको भनाइ छ ।

विभिन्न प्रतिवेदनअनुसार नेपालमा वन क्षेत्र बढेको देखिएको छ । प्रतिवेदनवले कूल वन क्षेत्रमध्ये ५९ लाख ६२ हजार हेक्टर अर्थात् ४०.३६ प्रतिशत भूभाग वन र छ लाख ४८ हजार हेक्टरमा ४.३८ हेक्टर अन्य काठ तथा बुट्यान क्षेत्रले ओगटेको छ । वन क्षेत्रमा काठ मात्र होइन, महत्वपूर्ण जडीबुटी सङ्कलन र प्रशोधन हुन नसक्दा मुलुकले वार्षिक आम्दानीको ठूलो हिस्सा गुमेकामा चिन्ता व्यक्त गर्दै डा. ढुङ्गाना भन्नुहुन्छ, ‘कानुनी प्रक्रिया मिलाएर सवै खाले वन पैदावार सहजरुपमा उपयोग गर्ने नीति तय गरि हरियोवनलाई आयआर्जन र रोजगारसँग जोडिनुको विकल्प छैन ।’

उपभोक्ताको ठूलो मेहनत र योगदानबाट मुलुकमा वन क्षेत्रको हैसियतमा वृद्धि भएको छ । यसलाई उपयोग गर्दै हरियो वनलाई धनमा परिणत ढिलो भइसकेको सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालका केन्द्रीय अध्यक्ष ठाकुर भण्डारी बताउनुहुन्छ । पाँच दशकअघि स्विडेनको स्टकहोममा सम्पन्न विश्व वातावरण सम्मेलनले नेपालको वन विनासको विषयलाई लिएर चिन्ता व्यक्त गरिएको स्मरण गर्दै उहाँले भन्नुभयो, ‘वनको संरक्षणको जिम्मा सरकार र कर्मचारीबाट भन्दा सम्बन्धित स्थानीय समुदायलाई दिएमा विनास रोकिने निस्कर्षबाट नेपालमा सामुदायिक वनको प्रक्रियाको थालनी भएको भुल्न हुँदैन ।’

यतिखेर वन क्षेत्र हराभरा बनेको छ, कसरी भयो भन्ने कुरामा विगतलाई स्मरण गर्नुपर्नेमा जोड दिँदै उहाँले वातावरण संरक्षणका साथै भूमाफियाबाट सार्वजनिक जमिनको समेत संरक्षण गर्न महत्वपूर्ण योगदान रहेको छ योगदानको उच्च मूल्याङ्कन गर्ने बेला आएको बताउनुभयो । हरियो वन नेपालको धन भन्ने नारालाई व्यवहारमा उतार्नका लागि तीनै तहका सरकार जिम्मेवार हुनुपर्ने आवश्यकता औँल्याउँदै अध्यक्ष ठाकुरले भन्नुभयो, दृढ इच्छाशक्तिका साथ काठ तथा जडीबुटीको संरक्षणसहित सङ्कलन तथा निकासीमा सरल नीति निर्माण गर्ने हो भने मुलुकलाई काठमा आत्मनिर्भर बनाउँदै बांँकी रहेको वन पैदावार निकासी गरेर मनग्ये आम्दानीको स्रोत बनाउन सकिन्छ ।

विषम परिस्थितिबाट शुरु भएको सामुदायिक वनको अवधारणाका आधारमा मुलुकमा यतिखेर २२ हजार चार सय १५ वन समुहका २९ लाख २७ हजार तीन सय २९ घरधुरीले २२ लाख ७२ हजार तीन सय ५६ हेक्टरभन्दा बढी वन व्यवस्थापन गर्दै आएका छन् । अध्यक्ष भण्डारी भन्नुहुन्छ, ‘संरक्षण, प्रवद्र्धन र विकासमा महत्वपूर्ण योगदान पुर्याएका उपभोक्ताले अहोरात्र खटिएर सन्तानलाई जस्तै माया गरेर हुर्काएको वन मुलुकको धन बन्न नसकेकामा यतिखेर उनीहरुमा निरासा पैदा भएको छ ।’ वन क्षेत्रको हैसियत वृद्धि गर्दै निरन्तर आम्दानीको स्रोत बनाउन सकिने आधार भनेको दिगो वन व्यवस्थापन भएको बताउँदै उहाँले थप्नुभयो, ‘हरियो वन नेपालको धन बन्न नसक्नु वनसम्बन्धी नीति र विनियम एवम् सरोकारवालाको सोच नै बाधक हुन् ।’

वनको क्षेत्र बढ्दै जाँदा वन्यजन्तुको संख्यामा समेत वृद्धि भएको छ, नेपालको कानुनले मान्छेभन्दा जङ्गली जनावरलाई चिन्ने गरेको बताउँदै उहाँले वन्यजन्तुको उचित व्यवस्थापन हुन नसक्दा पछिल्लो समय प्रत्येक वर्ष वनमा डढेलो लगाउने प्रचलन ह्वात्तै बढ्दा वन विनास, जनावर र वातावरणमा समेत ठूलो प्रभाव गर्ने गरेको स्पष्ट पार्नुभयो । ‘वनमा काठ मात्र होइन अन्य प्रचुर सम्भावना छन्’, अध्यक्ष भण्डारीले भन्नुभयो, ‘सम्भाव्यता अध्ययनका आधारमा समूहमार्पmत जडीबुटी, कृषि, उद्यम एवम् पर्या–पर्यटनको विकास बिना हरियो वन धनमा परिणत हुन सक्दैन ।’

सामुदायिक वनलाई मुलुकको समृद्धिसँग जोड्नेतर्पm भन्दा पनि सरकार संरक्षण क्षेत्र विस्तारमा केन्द्रित हुँदा प्राकृतिक स्रोतको उचित व्यवस्थापन हुन नसकेको बताउँदै उहाँले उपभोक्ता तथा तीनै तहका सरकारको संयुक्त प्रयासबाट वन क्षेत्रलाई परिणाममुखी योजना ल्याउनुपर्ने आवश्यकता औँल्याउनुभयो । सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालका पूर्वअध्यक्ष एवम् अन्तर्राष्ट्रिय सामुदायिक वन सञ्जालका संयोजक घनश्याम पाण्डेले आर्थिक, सामाजिक र सांस्कृतिक अवस्थासँगै वन समूहको चाहनाका आधारमा कार्ययोजना बन्नुपर्दछ ।

वन क्षेत्रको वृद्धिसँगै बढेको झाडी बुट्यान क्षेत्रलाई उत्पादनमूलक बनाउन ढिलो भइसकेको छ यस क्षेत्रसँग जोडेर कृषि वन, फर्निचर उद्योग, जडीबुटी प्रशोधन, पर्या–पर्यटन, कार्बन व्यापारलगायतका विभिन्न उद्योग सञ्चालन गरेर हजारौं रोजगार सिर्जना गर्न सकिने आधार रहेको उहाँको भनाइ छ । तीव्र रुपमा बढेको एपी ग्यासको प्रयोगको कारण दाउराको उपयोग कम भएको वर्तमान अवस्थामा मुलुकका सातवटै प्रदेशमा एक÷एक मल कारखाना स्थापना गर्न सकिन्छ ।

वन क्षेत्रमा रहेका काठ र दाउरा समेतलाई सिजिनिङ गर्दै आवश्यकताअनुसारका आकारका काठ उत्पादन गर्न सक्ने हो भने सर्वसुलभ मूल्यमा काठका सामग्री तयार हुने र उपभोक्ताले युपिभिसी, आल्मुनियम र फलामलाई विस्थापित गर्न सकिने खालको प्रदेश वन ऐन निर्माण हुनुपर्नेमा यस क्षेत्रका विज्ञहरुको धारणा रहेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| | ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| वारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझमा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
मान तथा पद पाइएला, धार्मिक तथा सामाजिक कार्यहरु सम्पन्न होलान ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
धनधान्यको वृद्धि होला, मित्र तथा शुभचिन्तकको सहयोगले काम कार्यमा सफलता होला ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
छोराछोरीको प्रगतिबाट प्रसंशा मिल्ला, मान्यजनको सहयोग सद्भाव पाउनाले आत्मबल निकै बढ्नेछ,।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
स्वास्थ्यमा सुधार आउनेछ, बैबाहिक तथा भोजमा सहभागी भइएला ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
कृषि कार्य तथा ब्यबसायबाट निकै लाभ होला, समग्रमा आजको दिन राम्रै मान्नपर्छ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
काम कार्यमा ढिलाई होला, मानसिक अशान्ति तथा फजुल खर्च होला ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
इस्टमित्रबाट धोका पाइनेछ, अध्ययन अध्यापनमा पनि बाधा आइपर्ला।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
माता तथा मावलितर्फबाट बिशेष सहयोग पाइनेछ, काम कार्यमा सफलता तथा सुख प्राप्त हुनेछ ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
राज्यसम्बन्धी काममा भने केहि प्रतिकुल हुनसक्छ । सामाजिक तथा परोपकार सम्बन्धी कार्यहरु गरिएला।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आजको दिन अध्ययन अध्यापन तथा धार्मिक कार्यहरु सफल होलान ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
शत्रुहरु गुप्तरूपले सक्रिय रहलान, बिनाकारण अपजस पाइएला । ब्यर्थ भ्रमण तथा व्यापार ब्यबसायमा नोक्सान होला।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आजको दिन पत्नी आज्ञाकारी हुनेछिन, दैनिक जीवनका कार्यहरु सुधार हुदै जालान ।

# पहिलो पटक पशुआहार चीन निर्यात




**रासस**
**चितवन ।**
नेपालबाट पहिलो पटक पशुआहार (हाइलेज) चीन निर्यात भएको छ । भरतपुरमा रहेको होराइजन इन्टरनेसनल प्रालिले उत्पादन गरेको पशुआहार आज एक कार्यक्रमबीच चीन निर्यात गरिएको हो । भरतपुरमा उद्योग रहेको छ ।
सो कम्पनीले तयार गरेको १० कन्टेनर पशुआहार पहिलो दिन चीन पठाइएको हो । कम्पनीका अनुसार अब क्रमशः दैनिक २० कन्टेनर पशुआहार चीन पठाइने छ । एक वर्षमा दुई सय करोड टन पशुआहार चीनको सिगात्से सहर पठाउने योजना छ । सो सहर निकै चिसो हुने भएकाले त्यहाँ घाँस उत्पादन हुँदैन । पालिएका पशु चौपायाका लागि घाँस पठाउन लागिएको हो ।

कम्पनीका प्रमुख कार्यकारी निर्देशक चाङका अनुसार अहिले पठाइएको हाइलेज डाँठ र दुधिलो घोगासहितको मकैको बोटबाट तयार पारिएको हो । क्रमशः अम्रिसो, नेपियर लगायतका घाँसबाट समेत पशुआहार बनाइँदै छ । यो कम्पनीले भरतपुर र वरपरका किसानबाट मकैको बोट नै खरिद गरेर प्रशोधन गरी पशुआहार बनाएको हो । चाङका अनुसार किसानलाई उन्नत जातको बीउ, सिँचाइको व्यवस्था र प्राविधिक सहयोगसमेत गरिँदै आएको छ ।

यो प्रविधिमा दुधिलो मकैको बोटलाई काटेर प्रशोधन गरेपछि हावा नपस्ने गरी प्याकिङ गरिन्छ । सुरक्षित भण्डारणमा एक सय २० दिन राखेपछि यो घाँस चीन पठाउने चाङले जानकारी दिए । दुई वर्षसम्म घाँस प्रयोग गर्न मिल्छ । यसलाई निकै पोषिलो आहारका रूपमा लिने गरिन्छ । कम्पनीले किसानसँग गुणस्तर हेरेर बोटै सहितको मकै खरिद गर्दै आएको छ । पशुआहारलाई रोला बनाएर पठाइएको छ । एउटा रोलामा चार सय ६० किलो पशुआहार हुन्छ । उनका अनुसार दैनिक ८० देखि एक सय रोला पशुआहार उत्पादन गर्न सकिन्छ । हाल तयार गरिएको पशुआहार चितवनका विभिन्न ठाउँबाट सङ्कलन गरिएको हो । धेरै मात्रामा पूर्वी चितवनको मकै रहेको छ ।

सन् २०२२ मा चिनियाँ उपराष्ट्रपति नेपाल आउँदा घाँस चीन लैजाने विषयमा सम्झौता भएको थियो । पहिलो चरणमा केरुङ र रसुवा नाकाबाट घाँस पठाइँदै छ । चाङले चीनको सो क्षेत्रमा दैनिक पाँच सय कन्टेनर घाँसको माग रहेको बताए । सिगात्से सहरसँग भरतपुर महानगरपालिकाको भगिनी सम्बन्ध रहेको छ । पशु आहार निर्यात कार्यक्रमको कृषि तथा पशुपन्छी विकास मन्त्रालय, नेपालका लागि चिनियाँ राजदूतावास र भरतपुर महानगरपालिकाले संयुक्त रूपमा कार्यक्रमको आयोजना गरेका थिए ।

# बैंकहरुले आ–आफ्नै ब्याज तोक्ने ‘भद्र सहमति’ किन गरे



**बिबिसी ।**
निक्षेपको ब्याजदर सहमतिमा निर्धारण गर्ने ‘भद्र सहमति गरेका’ ‘क’ वर्गका बंैकहरु स्वतन्त्र रूपमा आ–आफ्नो ब्याजदर निर्धारण गर्न सहमत भएका छन् । वाणिज्य बैंकहरुको छाता सङ्गठन नेपाल बैंकर्स असोसिएशनले २०७८ पुस महिला निक्षेपको ब्याजदरमा लागु गरेको उक्त व्यवस्था हटाएको हो । यो निर्णयसँगै अब ‘क’ वर्गका बैंकहरुले बजारको अवस्था हेरेर आफैँ निक्षेपको ब्याजदर तय गर्न पाउने भएका छन् ।
उक्त व्यवस्थाका कारण बैंकहरुबीच प्रतिस्पर्धा हुँदा सर्वसाधारण सेवाग्राहीहरूलाई फाइदा हुने आकलन कतिपयको छ । तर ब्याङ्किङ क्षेत्रका जानकारहरू भने पछिल्लो अवस्था हेर्दा निक्षेपमा ब्याजदर घट्ने सम्भावना रहेको बताउँछन् । अहिलेको अवस्थामा बैंकर्स असोसिएशनको निर्णयले तपाईँलाई कस्तो प्रभाव पार्ला त ?
किन गरियो यस्तो निर्णय ?
कोभिड महामारीका बेला देशको आर्थिक क्षेत्र र बैंङ्किङ उद्योगको अवस्था असामान्य रहेका कारण बैंकहरुबीच ब्याजदरमा देखिएको अस्थिरतालाई केही हदसम्म स्थिर बनाउनका लागि आफूहरूकै पहलमा ‘भद्र सहमति’ गरिएको नेपाल बैंकर्स एसोसिएशनका अध्यक्ष सुनिल केसीले जानकारी दिए । आन्तरिक र बाह्य बजारको अवस्था हेरेर त्यस बेला ब्याजदर निर्धारण गर्ने गरिएको र त्यसैकारण अप्ठ्यारो परिस्थितिमा समेत ब्याजदर धेरै घटबढ नभएको उनको दाबी छ ।
पछिल्लो समय बाह्य क्षेत्रका महत्त्वपूर्ण सूचकाङ्क, आयातमा देखिएको स्थिरता, बढ्दो क्रममा रहेको विप्रेषण आप्रवाह लगायतले गर्दा देशको भुक्तानी सन्तुलन झन्डै २२८ अर्ब रुपैयाँले अधिक रहेको बताइएको छ । त्यस्तै अमेरिकी डलर सञ्चिति पनि बढेर ११.३ अर्ब डलर बराबर पुगेको छ जसले १० महिनाभन्दा बढीको आयात धान्न पुग्ने बताइन्छ ।
‘तोडिएको हैन, भद्र सहमतिले निरन्तरता नपाएको हो’
यी सूचकाङ्कको कारण बैंकहरूको तरलतामा पनि सकारात्मक प्रभाव परेको छ । जसका कारण हाल बैंकहरुमा धेरै पैसा थुप्रिएको छ । ‘अहिलेको स्थितिमा हेर्ने हो भने बैंकहरुसँग करिब करिब १०० अर्ब अधिक तरलता र लेन्डेबल फन्ड (ऋण दिन मिल्ने कोष)को हिसाबले हेर्ने हो भने झन्डैझन्डै ४५०–५०० अर्ब रुपैयाँ अधिक भइसकेको छ,’ एनएमबी बैंकका प्रमुख कार्यकारी अधिकृत समेत रहेका केसीले भने ।
हाल बैंकहरुको निक्षेप र कर्जाको अनुपात औसतमा ८२ प्रतिशतको हाराहारीमा रहेको संघले जनाएको छ । उक्त अनुपात ९० प्रतिशतसम्म पु¥याउन सकिन्छ अर्थात् बैंकहरुसँग अहिले कर्जा दिन मिल्ने रकम मनग्गे छ ।
‘यो अवस्थामा आइसकेपछि असामान्य समयमा गरिएको सहमति वा दरलाई नियन्त्रण गर्नुपर्ने परिस्थिति नरहेको र बजारलाई स्वतन्त्र छाडिदिँदा बैंकहरुले आफ्नो आवश्यकताअनुसार जान सक्ने अवस्था रहेकाले अनि पछिल्लो समय ब्याजदर घट्दै गएर बजारमा दबाव पनि कम भइसकेको अवस्था रहेकाले भद्र सहमतिलाई तोडिएको भन्दा पनि निरन्तरता नदिइएको हो,’ केसीले भने ।



नेपाल राष्ट्र बैंकका भूतपूर्व कार्यकारी निर्देशक नरबहादुर थापा भने नेपालमा सन् १९९०को दशकमा भएको वित्तीय सुधार कार्यक्रमको लक्ष्य बैंकहरुमा ब्याजदरमा प्रतिस्पर्धा होस् भन्ने रहेको बताउँछन् । उक्त लक्ष्यअनुरूप निक्षेपकर्ता र ऋणी दुवैलाई फाइदा होस् भन्ने उद्देश्य राखेर त्यस बेला ब्याजदर निर्धारण गर्ने कुरा बजारलाई नै छाडिएको थियो । त्यसै कारण बैंकहरुले नै ब्याजदर निर्धारण गर्नुपर्ने धारणा थापाको छ ।
‘ब्याजदरको काम अर्थतन्त्रमा सन्तुलन ल्याउने हो, निक्षेपकर्ताको शोषण गरेर मुलुकबाट पुँजी पलायन हुन सहयोग हुने खालको ब्याजदर नीति हुनु भएन । त्यसैले नीति निर्माताहरू स्वार्थ समूहको पेलानमा परेको अनि बैंकर्स एशोसिएशन समेत स्वार्थसमूहको चंगुलमा परेको जस्तो देखिन्छ,’ विगतमा भएको अभ्यास प्रति असन्तुष्टि जनाउँदै उनले भने । हालको निर्णय भविष्यमा पनि भद्र सहमति नगर्ने गरी गरिएको भए स्वागतयोग्य रहेको उनी बताउँछन् ।
अब निक्षेप र ऋणमा ब्याजदरको अवस्था के हुन्छ ?
बिहीवारको संघको निर्णयअनुसार निक्षेपमा बैंकहरुले अब आफ्नो हिसाबले ब्याजदर निर्धारण गर्न पाउने छन् । हाल बैंकहरुसँग अधिक तरलता रहेकाले थप पैसा जम्मा गर्नभन्दा पनि कर्जा दिने तर्फ उनीहरूको ध्यान केन्द्रित हुने जानकारहरू बताउँछन् । त्यसैकारण नयाँ आर्थिक वर्षसँगै निक्षेपमा ब्याजदर पनि घट्ने सम्भावना रहेको बैंकरहरू बताउँछन् । विगतमा बैंकहरुले निक्षेपको ब्याजदरमा भद्र सहमति कायम गरेको भएपनि कर्जामा भने आफूखुसी निर्णय गर्न सक्ने अवस्था थियो । तर नेपाल राष्ट्र बैंकले कर्जा र निक्षेपको ब्याज अन्तर (स्प्रेड) चार प्रतिशतमा कायम गर्नुपर्ने नियम लागु गरेको छ ।
केन्द्रीय बैंकले तोकेको आधार दरमा आधारित रहेर बैंकहरुले ब्याजदर निर्धारण गर्नुपर्ने हुन्छ जसले गर्दा निक्षेपमा ब्याजदर घट्दा कर्जाको दर पनि स्वतः घट्छ । बजारमा तरलता बढ्दा निक्षेपको माग घट्दै जान्छ । केसीका अनुसार पछिल्लो समय कर्जाको माग पनि कम नै छ ।
‘यो असार महिनाको कुरा गर्दा पनि २–३ अर्ब (रुपैयाँ) ऋण बढ्दा अर्बौं निक्षेप बढेको देखिन्छ । यो वर्ष नै हेर्दा पनि झन्डै ५०० अर्बको निक्षेप बढ्दा कर्जाको माग १३०–१४० अर्बले मात्र बढेको देखियो,’ केसीले भने । यस्तो अवस्थाले गर्दा सबै बैंकले आ आफ्नै ढङ्गले ब्याजदर निर्धारण गर्दा निक्षेपमा ब्याजदर घट्ने अपेक्षा गरिएको केसी बताउँछन् ।
संघका अनुसार जेठ महिनाको अवस्था हेर्दा निक्षेपमा औसत आधार दर १०.१७ प्रतिशत देखिन्छ भने स्प्रेड दर ४.२ प्रतिशतमा रहेकोमा केन्द्रीय बबैंकको निर्देशन अनुसार ४ प्रतिशतमा झार्नुपर्ने छ । गत पुसमा झन्डै १०.९३ प्रतिशत रहेको औसत आधार दर हाल घटेर झन्डै १० प्रतिशतको आसपासमा आएको बताइन्छ । यस कारण पनि आगामी दिनमा ब्याजदर घट्ने नै सम्भावना आफूहरूले देखेको केसी बताउँछन् ।
कसलाई हुन्छ फाइदा ?
जानकारहरूका अनुसार निक्षेपमा ब्याजदर घट्दा साना निक्षेपकर्ताहरुलाई खासै फरक पर्दैन । चार–पाँच महिनाअघि ८–१० प्रतिशतको हाराहारीमा रहेको सरकारी ऋण पत्रको ब्याजदर हाल २–३ प्रतिशतमा झरिसकेको । छ महिनाअघि ७–८ प्रतिशत रहेको अन्तरबैंक कारोबार दर पनि अहिले एक प्रतिशतभन्दा तल आएको अवस्थाले अबका दिनमा ब्याज दर घट्ने संकेत नै गर्ने केसी बताउँछन् । यद्यपि बैंकहरुले स्वतन्त्र रूपमा निर्णय गर्न पाउने हुँदा ब्याजदरमा भिन्न किसिमको अवस्था देख्न सकिने सम्भावना पनि रहने जानकारहरू बताउँछन् ।
केसीका अनुसार बैंकहरुबीच निक्षेपमा मात्र नरहेर कर्जामा पनि प्रतिस्पर्धा छ । असार महिनामा सरकारी खर्च बढेका कारण अहिले निक्षेप धेरै बढेको छ । हाल ऋणको माग नभएका कारण त्यहाँ पनि बैंकहरुबीच प्रतिस्पर्धा हुने अवस्था छ । त्यसले गर्दा ऋणमा पनि ब्याजदर घट्दै जाने सम्भावना रहेको जानकारहरू बताउँछन् । ‘तर कुनै बैंकको आफ्नो आवश्यकताअनुसार प्रतिस्पर्धा गर्न केही दर तलमाथि हुने कुरालाई नकार्न भने सकिँदैन,’ उनले भने ।
निक्षेपमा ब्याजदर घटाउनुको फाइदा मुलुकबाट पुँजी विदेशमा लानेलाई हुने थापाको भनाइ छ । ‘यसले नेपाली अर्थतन्त्र, आमनागरिकलाई फाइदा गर्दैन । फेरि अर्को ब्याजदर बढ्ने चक्र सुरु हुन्छ,’ थापाले भने ।
‘त्यसैले ब्याजदरको स्थायित्व महत्वपूर्ण कुरा हो । सन्तुलित अवस्थामा ब्याजदर रहँदा बढी प्रतिफल दिने परियोजनामा बैंकको स्रोत जान्छ ।’ मुद्रास्फीति ७–८ प्रतिशत रहेको देशमा ब्याजदर एकल अंकको रहँदा वित्तीय क्षेत्रमा सन्तुलन कायम गर्न नसकिने उनी बताउँछन् । जानकारहरूका अनुसार अल्पकालीन रूपमा ब्याजदर घट्नुको फाइदा व्यवसायीहरुलाई पनि हुन्छ ।

# आर्थिक समृद्धिको कार्यभार पूरा गर्न ध्यान केन्द्रित छः उपप्रधानमन्त्री



**रासस**
**चितवन ।**
उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले सरकारको सम्पूर्ण ध्यान आर्थिक समृद्धिको कार्यभार पूरा गर्न केन्द्रित रहेको बताएका छन् । नेपालमा उत्पादित पशुआहार (हाइलेज) पहिलो पटक चीन निर्यात गर्न आयोजित कार्यक्रममा उनले कृषि उत्पादन बढाएर निर्यात गर्दा व्यापार घाटा कम गर्न सकिने बताए । उपप्रधानमन्त्री श्रेष्ठले सरकारले सुशासन, समृद्धि र सामाजिक न्यायलाई आफ्नो मूल सत्रका रूपमा लिएर यसको आधारमा कामलाई अघि बढाएको बताए । उनले भने ‘समृद्धिको कार्यभार पूरा गर्नका निम्ति हामीले हाम्रो देशको व्यापार घाटालाई कम गर्ने र त्यसका निम्ति आयात प्रतिस्थापन गरेर निर्याततर्फ काम गर्नुपर्छ ।’ पशु आहार चीन पठाउने कामको आरम्भ भएको भन्दै उपप्रधानमन्त्री श्रेष्ठले नयाँ सम्भावनको खोजी गर्नुपर्नेमा जोड दिए । उनले भने ‘हामीले यथास्थितिमा बसिरहेर हुँदैन । विकासको काम गर्दै व्यापार घाटा कम गर्न भाषण गरेर समस्याको समाधान हुँदैन ।’ भ्रष्टाचारको प्रभावकारी नियन्त्रणसँगै सुशासन कायम गर्नुपर्नेमा उनको जोड थियो । व्यापार घाटा कम गर्ने र सफल रूपमा देशलाई विकास र समृद्धिको दिशामा फड्को मार्ने तिर लान जरुरी रहेको उपप्रधानमन्त्री श्रेष्ठको भनाइ छ ।

उनले भने ‘यसमा अगाडि बढ्ने क्रममा पशुआहार निर्यातको प्रक्रिया सुरु गरेका छौँ । यो एउटा राम्रो अवसर हो ।’ सरकारका तर्फबाट गर्नुपर्ने अन्य सहयोगका लागि सधैँ तयार रहेको उनको भनाइ थियो । कृषि तथा पशुपन्छी विकासमन्त्री डा वेदुराम भुसालले कृषि उत्पादनलाई बढाएर निर्यात गर्न सकेमा देशको अर्थतन्त्र बलियो बन्ने बताए । उनले भने ‘कृषि उत्पादन बढाउन सकेमा देशको अर्थतन्त्र बलियो हुन्छ ।’ नेपालमा घाँस उत्पादन गरेर चीन निर्यात गर्न सफल भएको भन्दै उनले बाँझो जमिनमा घाँस उत्पादन गर्न सकिने बताए ।

नेपाली कृषिजन्य उत्पादन बढाएर निर्यातका लागि विभिन्न अवसरको खोजी गर्नुपर्ने उनको भनाइ थियो । सन् २००१ मै नेपाल र चीनबीच कृषिमा सहयोग आदानप्रदान गर्ने विषयमा सम्झौता भएको स्मरण गर्दै उनले त्यसयताका दिनमा सहयोग आदानप्रदान हुँदै आएको बताए । यहाँ उत्पादित पशुआहारलाई चीन पठाउने विषयमा सन् २०२२ मै सम्झौता भएको उनले स्मरण गराए । चीन र नेपालबीचको सम्बन्ध निकै पुरानो रहेको भन्दै मन्त्री भुसालले आगामी दिनमा अझ सुमधुर हुँदै जाने विश्वास व्यक्त गरे ।

कार्यक्रममा नेपालका लागि चिनियाँ राजदूत छन सङले नेपाल र चीनबीचको सम्बन्ध निकै पुरानो भएको भन्दै आजदेखि चीन नेपालबाट पशु आहार जान सुरु गरेकामा खुसी प्रकट गरे । गुणस्तरीय उत्पादनमा जोड दिँदै उनले चिनियाँ बजार ठूलो भएकाले उत्पादन बढाउन सुझाव दिए । दुई देशबीचको व्यापारिक सम्बन्ध पनि निकै राम्रो भएको उनको भनाइ छ । सो अवसरमा उद्योग सचिव मधु मरासिनीले नेपालमा ६२ प्रतिशत कृषिमा निर्भर रहेको उल्लेख गर्दै नयाँ प्रविधि भित्र्याएर उत्पादन बढाई निर्यातमा लाग्नुपर्नेमा जोड दिए । उनले यो पेसालाई व्यावसायिक बनाएर अघि बढाउनुपर्ने बताए ।

कार्यक्रममा चीनको सिगात्से सहरका उपप्रमुख लिउ हउ झोङले भरतपुर महानगरसँग यसअघि नै भगिनी सम्बन्ध कायम भएको जिकिर गर्दै यहाँबाट पशुआहार लैजान सुरु गरिएकामा खुसी व्यक्त गरे । भरतपुर महानगरपालिकाका उपप्रमुख चित्रसेन अधिकारीले यहाँ उत्पादित पशुआहार चीनको सिगात्से पठाउन पाएकामा महानगरले गर्व गरेको बताए । आउँदा दिनमा गुणस्तरीय र ठूलो परिणाममा पशु आहार पठाउन सकिने उनको विश्वास थियो ।

# एक सय ५९ चालक कारबाहीमा



**रासस**
**काठमाडौँ ।**
आर्थिक वर्ष २०७९÷८० मा लागुपदार्थ सेवन (लापसे) गरी सवारी साधन चलाउने एक सय ४९ जना सवारी चालकलाई कारबाही गरिएको छ । काठमाडौँ उपत्यकाका विभिन्न स्थानमा ट्राफिक प्रहरीले गरेको जाँच अभियानका क्रममा लागुपदार्थ सेवन गरी सवारी साधन चलाउँदै गरेका चालकलाई नियन्त्रणमा लिई आवश्यक कारबाही गरिएको हो ।

नेपाल प्रहरी अस्पतालको प्राविधिक सहयोगमा काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालय, लागुऔषध नियन्त्रण ब्यूरो र सम्बन्धित प्रहरी कार्यालयको संयुक्त प्रयासमा काठमाडौँ उपत्यकाका विभिन्न स्थानमा चालकलाई जाँच अभियान थालिएको काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्टले बताए । चालकले लागुऔषध सेवन गरी सवारी साधन चलाए÷नचलाएको सम्बन्धमा टिएचसी किटको प्रयोग गरी विसं २०७९ साउन ९ गतेदेखि जाँच अभियान सुरु गरिएको उनले जानकारी दिए । लापसे गरी सवारी साधन चलाउने चालकमध्ये भाडाका सवारी साधन चलाउने चालक पनि रहेका भन्दै प्रहरी वरिष्ठ उपरीक्षक भट्टले यात्रु बोक्नेजस्तो संवेदनशील क्षेत्रमा काम गर्ने व्यक्तिले लागुपदार्थ सेवन गरी सवारी साधन चलाउनु निन्दनीय कार्य भएको बताए । यसले आफू र यात्रु दुवै ज्यान जोखिममा पु¥याउने उनको भनाइ थियो । लापसे सेवन गरी सवारी साधन चलाउँदा चालकको मात्र नभई यात्रुको जीवनसमेत जोखिममा पर्ने भएकाले सार्वजनिक यातायातका चालकले लागुपदार्थ तथा मादक पदार्थ सेवन गरेको शङ्का लागेमा तत्काल नजिकैको प्रहरी कार्यालय, ट्राफिक कन्ट्रोल रूमको हटलाइन नं १०३ वा प्रहरीको हटलाइन नं १०० मा खबर गर्न अनुरोध गरिएको छ ।

# दुई लाख १६ हजार श्रमिक सामाजिक सुरक्षामा आबद्ध

***कोषले औषधोपचार, स्वास्थ्य तथा मातृत्व, दुर्घटना तथा अशक्तता सुरक्षा, आश्रित परिवार सुरक्षा र वृद्धावस्था सुरक्षा योजना सञ्चालन गरिरहेको छ ।***




**रासस**
**काठमाडौँ ।**
श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका श्रमिक सामाजिक सुरक्षा कोषमा आबद्ध हुनेक्रम बढेको छ । हालसम्म दुई लाख ६० हजार ८२ श्रमिक योजनामा आबद्ध भएको कोषले जनाएको छ । सरकारले गत चैत ८ गतेदेखि वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा अनिवार्य सूचीकृत हुनुपर्ने व्यवस्था गरेको थियो । उक्त व्यवस्था अनुसार वैदेशिक रोजगारीमा जाने श्रमिकले श्रम स्वीकृति लिनुअगावै कोषमा सूचीकृत हुनुपर्नेछ । कोषमा औपचारिक क्षेत्रका चार लाख २३ हजार ९२ श्रमिक आबद्ध भएका छन् । कोषमा हालसम्म औपचारिक र वैदेशिक क्षेत्रका गरी कूल छ लाख ३९ हजार एक सय ७४ श्रमिक सूचीकृत भएका छन् । कोषले विभिन्न सामाजिक सुरक्षा योजनाबापत योगदानकर्तालाई पाँच अर्ब एक करोड रुपैयाँ दाबी भुक्तानी गरेको छ ।

कोषमा १८ हजार रोजगारदाता सूचीकृत भएका कोषका प्रवक्ता विवेक पन्थीले जानकारी दिए । उनका अनुसार हालसम्म ३६ अर्ब २६ करोड रुपैयाँ योगदान रकम सङ्कलन भएको छ । कोषले औषधोपचार, स्वास्थ्य तथा मातृत्व, दुर्घटना तथा अशक्तता सुरक्षा, आश्रित परिवार सुरक्षा र वृद्धावस्था सुरक्षा योजना सञ्चालन गरिरहेको छ ।

कोषले औपचारिक क्षेत्रका श्रमिकका तर्फबाट मासिक ११ प्रतिशत र रोजगारदाताबाट २० प्रतिशत योगदान रकम सङ्कलन गर्दै आएको छ । कोषबाट हालसम्म ८८ हजार पाँच सय ८५ योगदानकर्ताले विभिन्न सुविधा लिएका छन् ।

# एसइइ उत्तीर्ण छात्रछात्रा सम्मानित



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामको रौनियार सेवा समिति र रौनियार युवा मञ्चले समुदायबाट यस वर्षको एसइइ उत्तीर्ण छात्रछात्राहरुलाई सम्मान गरेको छ ।
समितिको सभाहलमा समिति र मञ्चद्वारा संयुक्त रुपमा आयोजित सम्मान कार्यक्रममा समिति र मञ्चको सम्पर्कमा आएका कुल २२ जना धनुषाका छात्रछात्राहरुलाई सम्मान गरिएको छ ।
समुदायका छात्रछात्राहरुको उच्चा शिक्षा अध्यन्नमा मनोवल बढाउन प्रत्येक वर्ष जस्तै यस वर्ष पनि सम्पर्कमा आएको २२ जना छात्रछात्राहरुलाई सम्मान गरिएको मञ्चका अध्यक्ष सन्तोष रौनियारले बताए ।
समितिका अध्यक्ष राम प्रताप साहले भने, 'युवा मञ्चले गर्ने यो राम्रो काममा हामि साथ छौं, एसइइ उत्तीर्ण भएका सबै बाबुहरुलाई उज्जवल भविष्यको शुभकामना सहित सम्मान गरिएको छ ।'सो अवसरमा समितिका पुर्व अध्यक्ष एवंम पदाधिकारीहरु, संरक्षक र सल्लाहकारहरु, युवा मञ्चका पदाधिकारी र पुर्व अध्यक्षहरु सहितको उपस्थिती रहेको थियो ।

# परियोजनाको वार्षिकोत्सवमा विभिन्न व्यक्तिलाई सम्मान

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश ग्रामिण विकास परियोजनाको १५ औँ बार्षिकोत्सवको अवसरका विभिन्न क्षेत्रका व्यक्तित्वहरुलाई सम्मान गरिएको छ ।
कृषि क्षेत्रमा विशेष योग्दान दिँदै आएको परियोजनाले मधेश प्रदेश सरकार र स्थानीय सरकारसँगको समन्वयमा विभिन्न उपलब्धीमूलक कार्यहरु गर्दै आएको छ । शनिबार सँस्थाका अध्यक्ष सँजय कुमार साहको अध्यक्षता तथा मधेश सरकारकी उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री सुनिता यादवको प्रमुख आतिथ्यमा समाजिक क्षेत्रमा योग्दान दिएका व्यक्तित्वहरुलाई सम्मान गरिएको छ । शनिबार जनकपुरधाममा आयोजना गरिएको परियोजनाको १५ औँ वार्षिकोत्सवमा गँगा आरती सँचालन गरी जनकपुरधाममा क्लीन एण्ड ग्रीन जनकपुरको अवधारणा ल्याएका प्रदेश साँसद राम अशिष यादव, सहकारीका अध्यक्ष ध्रुव नारायण यादव, सँचारकर्मी, अधिकारकर्मी, समाजिक अभियन्ताहरुलाई समेत सम्मान गरिएको हो । सो क्रममा मन्त्री सुनिता यादवले मधेश ग्रामिण विकास परियोजनालाई सफलताको कामना गर्दै सरकारसँग निरन्तर सहकार्यको लागि प्रोत्साहन समेत गरिन् । कार्यक्रममा प्रदेश साँसद राम अशिष यादवले अध्यक्ष एवम् प्रदेश साँसदका प्रत्यासी सँजय कुमार साहको



लगनशिलताप्रति प्रशँसा व्यक्त गरे । विशिष्ट अतिथिको आसनबाट बोल्दै साँसद यादवले अध्यक्ष साहले सँस्थालाई निरन्तर १५ बर्ष सम्म हाँकेको भन्दै गौरवान्तिम भएको बताए । उनले आगामी कार्यको लागि समेत शुभकामना दिए ।
**कार्यक्रममा जनकपुरधाम**
उपमहानगरपालिकाका उपप्रमुख किशोरी साह, लोसपाका केन्द्रीय सदस्य सँजय चौधरी, जनकपुरधाम उद्योग वाणिज्य सँघका अध्यक्ष जीतेन्द्र महासेठ, नागरिक समाजका अगुवा अमरचन्द्र अनिल, राराबका स्ववियू अध्यक्ष मनिष यादव, न्यूज ब्यूरोका रितेश शर्मा, नेविसंघका ईन्द्रजीत गोईत, न्यूज ब्यूरोका सिरहा संवाददाता उमेश यादव लगायत दर्जनौ व्यक्तिको उपस्थिति रहेको थियो ।

# राजकुमार महासेठको पाँचौं पुण्यतिथि मनाइयो



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मिथिलाञ्चलका 'गान्धी' भनेर चिनिने राजकुमार महासेठको पाँचौँ पुण्यतिथि मनाइएको छ ।
शुक्रबार स्वर्गीय महासेठका छोरा उद्योगमन्त्री समीर महासेठको बेली रोडस्थित सरकारी निवास पटनामा मनाइएको छ ।
यस पुण्यतिथिको अवसरमा प्रमुख अतिथिको रुपमा बोल्दै विधान परिषद का उपसभापति रामचन्द्र पुर्वेले स्व.राजकुमार महासेठ मिथिलाञ्चलका चर्चित नेता रहेको बताए ।
उनले वैश्य समुदायमाथि हुदै आएको विभिन्न किसीमको दमन भएको देखेर क्रान्तिकारी परिवर्तनका लागि सक्रियरुपमा अगाडी बढेका बताए । वैश्य समुदायका लागि उनी सक्रिय नेता रहेको उनले बताए । पीके चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा जेडीयूका महासचिव कमल नोपानी, पूर्व डीजीपी अशोक गुप्ता लगायत अन्य महानुभावहरुको उपस्थिति रहेको थियो । मञ्चको संचालन मंजीतआनन्द साहुले गरेका थिए ।

# जनमत धनुषाद्वारा पालिका पर्यवेक्षकको बैठक आह्वान




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनमत पार्टी धनुषाले पालिका पर्यवेक्षकको बैठकको आह्वान गरेको छ । पालिकाहरुको कार्य प्रगति विवरण बुझाउनको लागि बस्ने बैठक असार ३१ गते आइतबार १२ बजेका लागि बोलाइएको जानकारि दिइएको छ ।
जनकपुरधामको पगलाबाबा धर्मशालामा बस्ने बैठकमा जिल्ला भरीका पालिका पर्यवेक्षकहरुले कार्य प्रगति विवरण बुझाउने र समग्र जिल्लाभरका संगठनको अवस्था के कसो रहेकोबारे छ्लफल हुने जिल्ला इन्चार्ज सुरेन्द्र कुमार मण्डलले जानकारी दिए । बैठकमा जिल्लाबाट तोकिएको १८ वटै पालिकाका पालिका पर्यवेक्षकहरुको सहभागिता रहने इन्चार्ज मण्डलले बताए ।

# अवैध उत्खन्न गर्ने ६ सवारी साधन प्रहरी नियन्त्रणमा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा प्रहरीले अवैध बालुवा उत्खन्न गर्ने ६ वटा सवारी साधनलाई नियन्त्रणमा लिएको छ । शनिबार इलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट खटेको प्रहरी टोलीले क्षिरेश्वरनाथ नगरपालिका ७ स्थित औरही खोला र जलाख खोलामा अवैधरुपमा बालुवा उत्खन्न कार्यमा संगलग्न रहेको ६ वटा ट्र्याक्टरह नियन्त्रणमा लिएर अनुसन्धान कार्य अगाडी बढाएको छ ।
प्रहरीले औरही खोलाबाट नियन्त्रणमा लिएका ट्र्याकटरहरू ज.१ त ८५०३ नं.को बालुवा लोड ट्र्याकटर ,ना.६ त ५६४३ नं.को बालुवा लोड ट्र्याकटर रहेको छ भने जलाद खोला बाट नियन्त्रणमा लिएका ट्र्याकटरहरू ज.१ त ५१३२ नं.को खाली ट्र्याकटर,ज.१ त ४४७७ नं.को बालुवा लोड ट्र्याकटर,म.प्र.०३ ००१ त ७३२३ नं.को बालुवा लोड ट्र्याकटर,ज.१ त ६३६७ नं.को बकेट सहित ट्र्याकटर रहेको प्रहरीले जनाएको छ ।

# दिव्य जागृति संस्थानद्वारा प्रवचन कार्यक्रम



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
दिव्य जागृती संस्थान नेपालले जनकपुरधाममा प्रवचन कार्यक्रम सम्पन्न गरेको छ ।
शनिबार ब्याहुत कलवार सेवा समिति जनकपुरधामको सभाहलमा आयोजना गरिएको साध्वी गंगेशभारती र वीणावादिनी भारतीले प्रवचन कार्यक्रम गरेकी थिए । द
ुवै साध्वीले भगवानको प्रत्यक्ष दर्शन पाउन सक्ने बताइन् ।यसका लागि आध्यात्मिक अभ्यासको आवश्यकता रहेको बताउदै साधनाबाटनै दिव्य प्रकाशको अनुभव गर्न सक्ने उनको भनाई रहेको थियो ।
साध्वीद्वयले सात्विक विचार र शाकाहारी भोजन अपनाउनुपर्ने बताइन् । कार्यक्रममा जनकपुरधामका श्रद्धालु भक्तजनहरु प्रवचन सुन्न आएका थिए ।

# अध्यक्ष झाद्वारा पदबाट राजीनामा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
लोकतान्त्रिक समाजवादी पार्टीका भातृ संगठन लोकतान्त्रिक युवा संघ धनुषाको अध्यक्ष प्रशान्त झाले पार्टी पदबाट राजीनामा दिएका छन् ।
पार्टी तथा नेतृत्वसँग असन्तुष्टि पोख्दै अध्यक्ष झाले पदबाट राजीनामा दिएका हुन् ।
उनले पार्टीले संगठन सुधार र सांगठनिक निर्माणका गतिविधिहरुमा ध्यान नदिई सत्ता लिप्सामा लिन भएकोप्रति असन्तुष्टि जनाएका हुन् । उनले पार्टी नसच्चिए पार्टी नै परित्याग गर्ने चेतावनी समेत दिएका छन् ।
स्रोतका अनुसार उनी पार्टी परित्याग गर्ने मुडमा पुगिसकेका छन् ।
शुक्रबार सामाजिक सञ्जाल फेसबुक स्टाट्स मार्फत पदबाट राजीनामा दिएको जानकारी गराउदै लेखेका छन्,–'पार्टीभित्र संगठन सुधार र सांगठनिक निर्माण गतिविधिहरु अविलम्ब अगाडी नबढे आगामी राजनीतिक यात्रा सम्पूर्ण



साथीभाइ, शुभचिन्तकहरुको सल्लाह सुझाव अनुसार निर्णय लिने पनि जानकारी गराउन चाहन्छौँ ।'
मधेश आन्दोलनमा अग्रणी भूमिका निर्वाह गरेका झा लोसपामा राजेन्द्र महतो निकट मानिन्छन् । पछिल्लो समय पार्टीप्रति असन्तुष्टि जनाउदै आएका उनले क्रमशः पार्टी नै परित्याग गर्ने मुडमा पुगिसकेका हुन् ।

# नेपाली पार्टीको मधेश अध्यक्षमा साह



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपालका लागि नेपाली पार्टीको मधेश प्रदेश समिति गठन भएको छ । शनिबार जनकपुरधाममा आयोजना गरिएको मधेश प्रदेश अधिवेसनबाट शत्रुधन प्रसाद साहको अध्यक्षतामा १८ सदस्यीय समिति गठन भएको छ ।
समितिको उपाध्यक्षमा गौरी शंकर साह र अर्को उपाध्यक्षमा मुन्ना गुप्ता चयन भएको छ भने सचिवमा राम अशिष पासवान,सहसचिवमा रामप्रसाद कुमार अर्का सहसचिवमा गणेश शर्मा र कोषध्यक्षमा पारस द्धिवेदी चयन भएको हो । त्यसैगरी प्रवक्तामा महेन्द्र मण्डललाई चयन गरिएको छ भने सदस्यहरुमा विजय यादव,चन्दन गुप्ता लगायतको रहेको छ । नवनिर्वाचित अध्यक्ष साहले आफनो पार्टीको मुल उदेश्य राजा सहितको हिन्दु राज्य घोषणाका लागि आजकै मिति देखि आफु सक्रियरुपमा लाग्ने बताएका थिए ।
शत्रुधन प्रसाद साहको अध्यक्षतामा भएको मधेश प्रदेश समिति निमार्ण कार्यक्रममा पार्टीका सर्वोच्च नेता सुसिल चन्द्र अधिकारी,केन्द्रिय अध्यक्ष सन्तोषानन्द महाराज,पिंकी महासेठ,महामन्त्री दिपक महाराज लगायत पार्टीका केन्द्रिय कार्यसमितिको उपस्थिती रहेको थियो ।

# एड्स उन्मूलन गर्ने दिशामा पाँच अफ्रिकी देश



बिबिसी ।
संयुक्त राष्ट्रसंघको एउटा नयाँ प्रतिवेदनले महत्वपूर्ण स्वास्थ्य कार्यक्रमहरूले पूर्ण रूपमा आर्थिक स्रोत प्राप्त गरेपछि सन् २०३० सम्ममा संसारबाट एड्स उन्मुलन हुने दिशामा रहेको जनाएको छ । एचआईभी लागेका ६५ प्रतिशत मानिसहरू सब–सहारा अफ्रिकामा बस्छन् । सो क्षेत्रले एड्सको उन्मुलनको क्षेत्रमा ठूलो फड्को मारेको छ । बोत्स्वाना, इस्वाटीनी, रुवान्डा, तान्जिनिया र जिम्बाब्वेले '९५–९५–९५' लक्ष्य पुरा गरिसकेको यूएनएड्सले जनाएको छ ।

यसको अर्थ एचआईभी भएर बाँचिरहेका ९५ प्रतिशत मानिसहरूलाई आफ्नो एचआईभीको अवस्थाका बारेमा थाहा छ भने त्यस्तो जानकारी भएका ९५ प्रतिशत व्यक्तिहरूले एन्टीरेट्रोभाइरल उपचार प्राप्त गरिरहेका छन् । उपचार पाइरहेका ९५ प्रतिशत व्यक्तिहरूले भाइरसलाई दबाइदिएका छन् जसले त्यो भाइरस अरूमा सार्ने सम्भावना लगभग समाप्त पारेको छ ।

सब–सहारा अफ्रिकाका थप ८ सहित अन्य १६ देशहरू पनि उक्त लक्ष्यको नजिक छन् । 'एड्सको अन्त्य आजका नेताहरूका लागि एउटा शक्तिशाली उदाहरण प्रस्तुत गर्ने अवसर हो,' यूएनएड्सकी कार्यकारी निर्देशक विन्नी ब्यानयीमाले भनिन् । उनले भनिन्, 'यसले लाखौँको जीवन जोगाउँछ र सबैको स्वास्थ्य रक्षा गर्छ । यसले नेतृत्वले के गर्नसक्छ भन्ने देखाउँछ ।'

तर यूएनएड्सले कम तथा मध्य आय भएका देशहरूलाई साढे ८ अर्ब डलर बजेट अभाव रहेको उल्लेख गरेको छ । सन् २०२२ मा प्रत्येक एक मिनेटमा एक जनाले एड्सका कारण ज्यान गुमाइरहेको उल्लेख गर्दै त्यस्तो प्रगति जुन बेला पनि गुम्नसक्ने उसको भनाइ छ ।

'यो प्रतिवेदनमा तथ्य र तथ्याङ्कले हामी त्यो दिशामा छौँ भन्ने देखाउँदैन तर हामी त्यता हुनसक्छौँ भनिएको छ,' ब्यानयीमाको भनाई छ ।

किशोरीहरू जोखिममा

तर कैयौँ चुनौतीहरू सम्बोधन हुन बाँकी छन् ।

प्रत्येक हप्ता ४ हजार किशोरी र कम उमेरका महिलाहरूमा एचआईभीको नयाँ सङ्क्रमण थपिने गर्छ । र प्रगतिका बाबजुद सन् २०२२ का नयाँ एचआईभी सङ्क्रमणका ६३ प्रतिशत घटना सब–सहारा अफ्रिकाका महिला र किशोरीमा देखिएको थियो ।

दक्षिणी अफ्रिकाको वोत्स्वानामा किशोरीहरू खतरामा छन् । त्यहाँ आफूभन्दा धेरै बढी उमेरका पुरुषहरूले किशोरीहरूलाई सिकार बनाउने हुँदा त्यसलाई 'अन्तर–पुस्ता यौन सम्बन्ध' का रूपमा चित्रण गर्ने गरिन्छ ।

गाओन ३२ वर्षकी महिला हुन् र उनलाई स्कूले छात्राहुँदा नै एचआईभीको सङ्क्रमण भएको थियो ।

'मलाई एक जना नजिकका आफन्तले धेरै सहयोग गर्ने गर्थे । तीसको दशकको उमेर रहेका उनी म भन्दा दुई गुणा बढी उमेरका थिए । मैले उनलाई विश्वास गरेँ । उनले त्यसको फाइदा उठाए र मसँग यौन सम्बन्ध राखे ।' गाओन ले सन् २०१२ देखी एन्टीरेट्रोभाइरल औषधी लिइरहेकी छन् । दुई सन्तानकी आमा रहेकी उनले आफ्ना बच्चाहरू एचआईभी नेगेटिभ रहेको बताइन् । उनी अहिले अभियानकर्ताका रूपमा काम गर्छिन् । उनका अनुसार अहिले पनि समुदाय खुला रूपमा 'बलात्कार' र 'यौन शोषण' बारे छलफल गर्न तयार छैन ।

'कतिपय दिनमा, म पाँच जनासम्म महिलाबाट आफूभन्दा बढी उमेरका अधिकांश अवस्थामा आफन्तबाट एचआईभी सरेको जानकारी पाउने गर्छु । यदि पुरुषहरूले सुन्दैनन् भने हामी के गर्न सक्छौँ,' उनी प्रश्न गर्छिन्

प्रार्थनाको शक्ति

सबै तथ्याङ्कले एचआईभी सङ्क्रमित महिलाको तुलनामा स्वास्थ्य सहयोग लिन पुरुषहरूमा हिचकिचाहट रहेको देखाएको छ । वोत्स्वानाले धार्मिक नेताहरूलाई प्रयोग गरेर पुरुषहरूको त्यस्तो व्यवहार बदल्ने र एचआईभी सङ्क्रमण रोक्ने प्रयास गरिरहेको छ ।

'वोत्स्वानामा एचआईभी भएका ९५ प्रतिशत मानिसहरूलाई आफ्नो हैसियत थाहा छ । आफ्नो अवस्था थाहा नहुने अधिकांश पुरुषहरू हुन्,' उक्त समस्यासँग जुझिरहेको बहुधार्मिक समूहमा आबद्ध एक जना इसाई धार्मिक नेता माचाकगा म्फो मोरुआकगोमोले बताए ।

'मानिसहरूले धार्मिक नेताहरूलाई सम्मान गर्ने भएकाले हामीले परीक्षण गराउनुपर्ने आवश्यकताबारे पुरुषहरूसँग कुरा गर्न त्यसलाई प्रयोग गर्छौं र हैसियत पुष्टि भएको खण्डमा उपचारमा आबद्ध गराउँछौँ ।'

उनले मुसलमान, हिन्दु र बहाई नेताहरूसहित स्थानीयवासीहरू पनि आबद्ध रहेको उल्लेख गर्दै कतिपय सन्देश बोकेर दैलो दैलोमा जाने गरेको बताए । उक्त अभियानलाई 'ब्रदर्स अराइज–नानोग्याङ' भनिएको छ जुन देशको राष्ट्रिय गानको अंशबाट प्रेरित छ । गिर्जाघरका पास्टर मोरुआकगोमो भन्छन्, 'एचआईभीलाई लिएर धेरै अन्धविश्वास छ । हामी धार्मिक नेताहरू पनि त्यसका लागि जिम्मेवार थियौँ ।'

उनले आफूहरूले सङ्क्रमितहरूलाई दोषी देखाएको उल्लेख गर्दै गल्तीका स्वीकार गर्नुपर्ने र माफ माग्नुपर्ने बताए । न्याश्नल एड्स एन्ड हेल्थ प्रोमोसन एजेन्सीका प्रमुख ओन्टाइरेट्से लेटहारेले सन २०३० सम्म एचआईभी उन्मूलन गर्ने दिशामा बोत्स्वाना उन्मुख रहेको बताए । उनी धार्मिक नेताहरूले त्यसका लागि महत्त्वपूर्ण भूमिका खेल्ने सक्ने बताउँछन् ।

बाँकी विश्वको अवस्था कस्तो छ ?

बाँकी विश्वमा उक्त प्रवृत्ति त्यति सकारात्मक छैन । राष्ट्रसंघका अनुसार एक चौथाइ नयाँ एचआईभी सङ्क्रमण सन् २०२२ मा एसिया प्रशान्त क्षेत्रमा देखिएको थियो । पूर्व युरोप र मध्य एसियामा पनि निरन्तर नयाँ सङ्क्रमण उकालो लागिरहेको छ । त्यसै गरी मध्यपूर्व र उत्तर अफ्रिकामा पनि त्यस्तै प्रवृत्ति देखा परेको छ । राष्ट्रसंघले सीमान्तकृत जनसंख्यामा एचआईभी नियन्त्रणका सेवाहरूको अभाव र एलजीबीटीक्यूप्लस समुदायलाई अपराधी करार गर्ने कानुनका कारण त्यस्तो भएको उल्लेख गरेको छ ।

तर पीआरइपी नामक उपचार पद्धतिले केही आशा भने दिएको छ । पूर्वी एसियाको कम्बोडियाले जोखिममा रहेका यौनकर्मी एवं समलिङ्गी तथा पारलैङ्गिक समुदायलाई ती औषधि निःशुल्क उपलब्ध गराएको छ । दैनिक रूपमा सेवन गर्नुपर्ने चक्की एचआईभीको उपचारको लागि प्रयोग गरिन्छ । एचआईभी नेगेटिभ व्यक्तिले पनि निरोधात्मक औषधिका रूपमा त्यसलाई लिनसक्छन् । राजधानी नोम पेन्हमा एउटा ब्युटी सलोन चलाउने ३२ वर्षकी समलिङ्गी महिला कुइ पोभ भन्छिन्, 'मैले तीन महिनादेखि नियमित रूपमा चक्की लिइरहेको छु । कुनै कुनै दिन टाउको दुख्छ तर अरू खालको साइड इफेक्ट छैन । म दिनहुँ एउटा चक्की सेवन गर्छु ।'

'मैले पीआरइपी लिइरहेकी छु किनभने मेरा एकभन्दा धेरै यौनसाथीहरू छन् । मलाई थाहा छ म ज्यादै जोखिममा छु ।' उनले आफ्ना साथीहरूलाई कन्डमको प्रयोग गर्न सुझाव दिने गरेको भएपनि कतिपयले अस्वीकार गर्ने गरेका बताइन् । कम्बोडियामा ७६ हजार मानिसहरू एचआईभीसहित बाँचिरहेका छन् । सो संख्याको ८६ प्रतिशत मानिसहरूलाई आफ्नो स्वास्थ्य अवस्थाका बारेमा थाहा छ । र त्यसमध्ये लगभग ९९ प्रतिशतको पहुँच उपचारमा छ । सन् १९९६ को तुलनामा नयाँ सङ्क्रमण ९१ प्रतिशतले कम भएको छ । तर हरेक दिन कम्तीमा चार जना व्यक्तिहरू सङ्क्रमित भइरहेका छन् जुन प्रमुख चिन्ताको विषय हो ।

'विगतमा कन्डमको प्रयोगको प्रचारप्रसार र प्रवर्धन गरिन्थ्यो तर धेरै जनाले त्यसलाई प्रयोग गर्दैन थिए । पीआरइपी एचआईभी सङ्क्रमण समुदायमा फैलनबाट रोक्ने एक नवीन विधि हो,' मेन्स हेल्थ कम्बोडिया नामक गैरसरकारी संस्थामा कार्यरत डानोउ चाइ भन्छिन् ।

उनका अनुसार ती चक्कीहरूले उत्साहवर्द्धक परिणाम दिइरहेका छन् र त्यसलाई सुईका रूपमा ल्याउने योजना रहेको छ । नयाँ उपचारले कुईलाई जीवनको महत्त्वपूर्ण पक्ष आफ्नो नियन्त्रणमा राख्न सघाएको छ । उनले हालै एचआईभी परीक्षण गराइन् र नेगेटिभ रहेको थाहा पाउँदा उनी खुसी भएकी थिइन् ।

# खेलकुद पत्रकार मञ्चमा गाउँले



**मधेशदृष्टि**
**सिमरा ।**
नेपाल खेलकुद पत्रकार मञ्च जिल्ला समन्वय बाराको छैठौँ साधारण सभा तथा दोस्रो अधिवेशन सिमरामा भएको छ । अधिवेशनले सुनील गाउँलेको अध्यक्षतामा ९ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन गरेको छ । समितिको उपाध्यक्षमा कृष्ण सिग्देल, सचिवमा बसन्त खतिवडा, सहसचिवमा प्रदिप गौतम, कोषाध्यक्षमा पुष्पराज खतिवडा, सदस्यहरुमा सीता अधिकारी, निलिसा बर्मा, नवराज चौलागाइँ र श्याम गुप्ता चयन भएका छन् । यसअघि नेपाल पत्रकार महासंघ बाराका अध्यक्ष रेशम तिवारीको प्रमुख आतिथ्यता तथा नेपाल खेलकुद पत्रकार मञ्च जिल्ला समन्वय बाराका अध्यक्ष सुनील गाउँलेको अध्यक्षतामा सम्पन्न अधिवेशनको उद्घाटन समारोहमा पत्रकार महासंघ मधेश प्रदेशका पूर्व सचिव गुरु प्रसाद गौतम, वरिष्ठ पत्रकार प्रकाश लम्साल, प्रेस चौतारी बाराका अध्यक्ष दीवाकर भण्डारी, प्रेस युनियन बाराका उपाध्यक्ष बसन्त खतिवडा, प्रेस सेन्टर बाराका उपाध्यक्ष प्रदीप गौतम, सहकारी पत्रकार समाज बाराका अध्यक्ष पुष्पराज खतिवडा, पत्रकार राजमणी बराल लगायतको उपस्थिति थियो ।

# प्रधानमन्त्री कप भलिबलमाः

## पुरुषमा हेल्प नेपाल र महिलामा पुलिस क्लब विजयी




मधेशदृष्टि
काठमाडौं ।
नेपाल पुलिस क्लबको महिला टिम र हेल्प नेपालको पुरुष टिमले सातौं प्रधानमन्त्री कप एनभीए महिला तथा पुरुष राष्ट्रिय क्लब लिगको उपाधि जितेका छन् । नेपाल भलिबल संघको आयोजनामा भएको लिगमा आफ्ना पाँचै प्रतिद्वन्द्वीलाई पराजित गरी शीर्षस्थानमा रहँदै फाइनल पुगेको पुलिसले शनिबार फाइनल खेलमा नेपाल एपीएफ क्लबलाई ३–१ सेटमा पराजित गर्दै महिलातर्फको उपाधि उचालेको हो ।

पुलिसले पहिलो सेट २५–१२ ले जित्यो भने दोस्रो सेट २१–२५ ले गुमायो । त्यसपछि तेस्रो र चौथो सेट २५–२३, २५–१९ ले आफ्नो पक्षमा पार्दै पुलिसको महिला टोलीले उपाधिसँगै ६ लाख रुपैयाँ नगद पुरस्कार पाएको छ । उपविजेता एपीएफले नगद ३ लाख, तेस्रो भएको न्यू डायमन्ड युथ स्पोर्टस् क्लबले नगद १ लाख ५० हजार र चौथो भएकव त्रिभुवन आर्मी क्लबले नगद ७५ हजार रुपैयाँ पाएका छन् ।

राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा भएको लिगको पुरुष तर्फको खेलमा आफ्नो अविजित यात्रालाई कायम राख्दै हेल्प नेपाल स्पोर्टस् क्लबले पुरुष तर्फको उपाधि उचालेको छ । हेल्प नेपालले पहिलो सेट २५–१९ ले आफ्नो पक्षमा पा¥यो भने दोस्रो सेट पुलिसले २५–११ ले जित्यो । तेस्रो र चौथो सेट २५–१८, २५–१८ ले आफ्नो पक्षमा पार्दै हेल्प नेपालले उपाधि जित्यो । उपाधिका साथ हेल्प नेपालले नगद ६ लाख रुपैयाँ र उपविजेता पुलिसले ३ लाख रुपैयाँ पाएको छ ।




तेस्रो स्थानमा रहेको त्रिभुवन आर्मी क्लबले १ लाख ५० हजार र चौथो स्थानमा रहेको एपीएफले ७५ हजार रुपैयाँ पाएको छ । ८ दिनसम्म चलेको लिगमा सर्वोत्कृष्ट खेलाडी महिलातर्फ नेपाल पुलिस क्लबकी पुनम चन्द र पुरुष तर्फ हेल्प नेपालका यमल खान घोषित भए । सर्वोत्कृष्ट खेलाडीहरुले जनही ३५ हजार रुपैयाँ पाए । महिलातर्फ नेपाल पुलिसकी शान्तिकला तामाङ उत्कृष्ट लिवेरो, कमला पुन उत्कृष्ट सेटर, उषा भण्डारी उत्कृष्ट स्पाइकर, रुपेश बिष्ट उत्कृष्ट प्रशिक्षक र सुमित्रा रेग्मी उदीयमान खेलाडी घोषित भए । यस्तै एपीएफकी सरस्वती चौधरी उत्कृष्ट सर्भर र आर्मीकी संगम महतो उत्कृष्ट ब्लकर घोषित भए ।

**८ दिनसम्म चलेको लिगमा सर्वोत्कृष्ट खेलाडी महिलातर्फ नेपाल पुलिस क्लबकी पुनम चन्द र पुरुष तर्फ हेल्प नेपालका यमल खान घोषित भए । सर्वोत्कृष्ट खेलाडीहरुले जनही ३५ हजार रुपैयाँ पाए । महिलातर्फ नेपाल पुलिसकी शान्तिकला तामाङ उत्कृष्ट लिवेरो, कमला पुन उत्कृष्ट सेटर, उषा भण्डारी उत्कृष्ट स्पाइकर, रुपेश बिष्ट उत्कृष्ट प्रशिक्षक र सुमित्रा रेग्मी उदीयमान खेलाडी घोषित भए ।**

पुरुषतर्फ हेल्प नेपालका टोपबहादुर थापा उत्कृष्ट लिवेरो, अद्नान खान उत्कृष्ट सेटर, मजहर अली उत्कृष्ट स्पाइकर र उत्सव खड्का उत्कृष्ट प्रशिक्षक घोषित भए । यस्तै उत्कृष्ट सर्भरमा एपीएफका हेमन्त मल्ल, उत्कृष्ट ब्लकरमा आर्मीका दुर्गाबहादुर खड्का र उदीयमान खेलाडीमा नेपाल पुलिसका रविन चन्द घोषित भए । विधागत तर्फका उत्कृष्ट खेलाडीले जनही नगद १५ हजार र उदियमान खेलाडीहरुले जनही १० हजार प्राप्त गरे ।

विजयी टिम तथा खेलाडीहरुलाई कार्यक्रमका प्रमुख अतिथी राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङ, गण्डकी प्रदेशसभा सदस्य लिलबहादुर थापा, राष्ट्रिय बाणिज्य बैंकका कार्यकारी प्रमुख किरणकुमार श्रेष्ठ, पूर्व अन्तर्राष्ट्रिय खेलाडी एवं सशस्त्र प्रहरी बलका पूर्व महानिरीक्षक दुर्जकुमार राई लगायतले पुरस्कार वितरण गरे । प्रतियोगितामा पुरुषतर्फ तीन विभागीय टोली त्रिभुवन आर्मी क्लब, नेपाल एपिएफल क्लब र नेपाल पुलिस क्लब, हेल्प नेपाल, दावाँली मिलन क्लब, सैलुङ्ग बाघढुङ्गा स्पोर्टस् क्लब र गण्डकी प्रदेश भलिबल संघ तथा महिला तर्फ तीन विभागीय टोली आर्मी, एपिएफ, पुलिस क्लब, न्यूडायमन्ड युथ स्पोर्टस् क्लब, एभरेष्ट भलिबल क्लब र गण्डकी प्रदेश भलिबल संघले प्रतिस्पर्धा गरेका थिए ।

# युरोप र अमेरिकामा उष्णलहरको चेतावनी दक्षिण कोरियामा बाढी र पहिरो



बिबिसी ।
दक्षिणी युरोपमा अत्यधिक तापक्रम बढेसँगै इटलीका १६ सहरहरूमा चेतावनीको सूचना जारी गरिएको छ । युरोपेली देशहरूसँगै अमेरिका, चीन, उत्तर अफ्रिका र जापानमा पनि उष्णलहर देखा परेको छ । स्वस्थ मानिसहरूलाई पनि जोखिम पु¥याउनसक्ने तहमा उच्च तापक्रम बढ्नसक्ने भन्दै इटलीका पर्यटकीय सहरहरू रोम, फ्लोरेन्स र बोलोन्यामा सावधानी अपनाउन भनिएको छ । अर्को उष्णलहर युरोपतर्फ अघि बढेसँगै आगामी साता यो क्षेत्रको तापक्रम उच्च हुने ठानिएको छ ।

भूउपग्रहबाट जमिन र समुद्रको तापक्रम निगरानी गर्दै आएको युरोपियन स्पेस एजेन्सीले इटली, स्पेन, फ्रान्स, जर्मनी र पोल्यान्डमा अत्यधिक गर्मी हुने जनाएको छ । युरोपको मध्य भागमा रहेका जर्मनी र पोल्यान्ड लगायतका देशहरूमा पनि अत्यधिक तापक्रम पुगेको छ ।

एक तिहाइ अमेरिकीलाई सजग रहन सुझाव

अमेरिकामा पनि अत्यधिक तापक्रम सहितको उष्णलहरको पूर्वानुमान गरिएको छ र दक्षिणपूर्वी क्षेत्रमा चेतावनीहरू जारी गरिएको छ । शुक्रवार जारी गरिएको तापक्रम सावधानी सम्बन्धी सूचनाले अमेरिकाको फ्लोरिडा, टेक्सस, क्यालिफोर्निया देखि वासिङ्टनसम्मका ११ करोड मानिसहरूलाई प्रभावित गरेको थियो । मानिसहरूले चिसोका लागि प्रयोग गर्ने वातानुकूलन उपकरण (एसी)को प्रयोगका कारण टेक्सस राज्यमा ऊर्जाको खपतमा नयाँ कीर्तिमान बनेको छ । आगामी दिनमा करिब २ करोड ७० लाख मानिसहरूले ४३ डिग्री सेल्सियस भन्दा बढीको तापक्रम सामना गर्ने पूर्वानुमान गरिएको छ ।

निश्चित समयमा अधिक गर्मी हुने मौसमको प्राकृतिक प्रणाली भए पनि विश्वव्यापी तापमान वृद्धिका कारण संसारभर यस्तो अवस्था छिटो छिटो, अत्यधिक र लामो समयसम्म रहने गरेको छ ।

शनिवारको उष्णलहर पुगेको क्षेत्रका मानिसहरूलाई बिहान ११ बजेबाट साँझ छ बजेसम्म प्रत्यक्ष घामको प्रकाशमा नपर्ने इटलीको सरकारले सुझाव दिएको छ । त्यहाँको सरकारले ज्येष्ठ नागरिक र स्वास्थ्यको जोखिममा रहेका मानिसहरूलाई विशेष हेरचाह पु¥याउन पनि भनेको छ ।

उष्णलहरसँगै डढेलोको चिन्ता

ग्रिसमा पछिल्ला दिनहरूमा तापक्रम बढेर ४० डिग्री सेल्सियस माथि पुगेको छ । भ्रमणमा आउनेहरूलाई उच्च तापक्रमबाट जोगाउन ग्रिसको सबैभन्दा लोकप्रिय पर्यटकीय केन्द्र एक्रोपोलिस शुक्रवार अत्यधिक तापक्रम हुने समयमा बन्द गरिएको थियो । यो ठाउँ एउटा ठूलो चट्टान माथि अवस्थित छ र वरपरका क्षेत्र भन्दा यहाँ सामान्यतया तापक्रम बढी हुने गर्छ । तापक्रम बढेसँगै तीव्र हावा बहने बनजङ्गल क्षेत्रमा डढेलो फैलनसक्ने चिन्ता सुरू भएका छन्। ग्रिसमा सन् २०२१ मा असाधारण उष्णलहर चलेकै समयमा ठूलो डढेलो फैलिएको थियो ।

चेक रिपब्लिकको मौसम कार्यालयले पनि सप्ताहान्तमा तापक्रम ३८ डिग्री सेल्सियस भन्दा माथि पुग्नसक्ने चेतावनी जारी गरेको छ । यस्तो गर्मी चेक रिपब्लिकका लागि निकै असाधारण हो । यद्यपि यूकेमा भने ठूलो वर्षा र आँधी सहितको हावा चल्ने पूर्वानुमान छ ।

मौसम निम्त्याउने जेट स्ट्रीम दक्षिणतर्फ सरेका कारण युरोपका धेरै क्षेत्रमा गर्मी बढ्ने तर यूकेमा शीतल हावा बहने आकलन गरिएको छ ।

पानी पिउन, कफी र मदिरा नपिउन सुझाव

युरोपको अहिलेको उष्णलहरलाई इटलीको मेट्रोलोजिकल सोसाइटीले सर्बरस नाम दिएको छ । चारुन नाम दिइएको अर्को उष्णलहरले आगामी साता त्यहाँको तापक्रम ४० डिग्री सेल्सियस पुर्याउने आकलन गरिएको छ । उष्णलहर प्रभावित क्षेत्रहरूमा मानिसहरूलाई कम्तीमा दुई लिटर पानी पिउन भनिएको छ शरीरमा निर्जलीकरण निम्त्याउनसक्ने कफी र मदिरा नपिउन भनिएको छ । युरोपको मौसम निगरानी सेवाले यो वर्षको जुन महिनामा अहिलेसम्मकै सबैभन्दा धेरै तापक्रम पुगेको जनाएको छ । युरोपमा अहिलेसम्मकै सबैभन्दा धेरै तापक्रम सन् २०२१ को अगस्टमा सिसिलीमा ४८.८ डिग्री सेल्सियस मापन भएको थियो । विश्व मौसमविज्ञान सङ्गठनले बढ्दो तापक्रमका कारण चरम मौसम 'दुर्भाग्यवश रुसमा सामान्यजस्तै बनेको' जनाएको छ ।

दक्षिण कोरियामा बाढी, कैयौँको मृत्यु

दक्षिण कोरियामा केही दिनयता निरन्तर भइरहेको भीषण वर्षाका कारण निम्तिएको बाढी र पहिरोमा परि ज्यान गुमाउनेको सङ्ख्या २० पुगेको छ ।

वर्षाका कारण सडकहरू जलमग्न हुनुका साथै कतिपय स्थानमा रेल सेवा पनि अवरुद्ध भएका छन् । बाढी र पहिरोमा परेर अझै १० जना बेपत्ता रहेको र हजारौँ आफ्नो घर छोड्न बाध्य भएको अधिकारीहरूले बताएका छन् ।

देशको मध्य उत्तरी क्षेत्रमा वर्षाले निम्त्याएको पहिरोका कारण बाँधबाट पानी बाहिर गएको र त्यसले तल्लो भेटका तटीय बस्तीहरूमा जोखिम निम्त्याएको विवरण आएका छन् । कोरियाको मौसम पूर्वानुमान कार्यालयले आगामी साताको बुधवारसम्म वर्षा जारी रहने बताएको छ ।

# भन्सारपास ट्रकमै सवा एककरोड बढीका सामान भेटियो




**मधेशदृष्टि**
**वीरगंज ।**
भन्सारबाट जाँचपास गरी वीरगंज आउँदै गरेका १ करोड २१ लाख रुपैयाँभन्दा बढीको सामान बोकेका तीनवटा ट्रक शुक्रबार राति सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको छ । सशस्त्र प्रहरीले अलौबाट वीरगंज भन्सार आइसिपी कार्यालयबाट निस्केका तीनवटा ट्रकमा रहेको सामान बिल बिजकभन्दा फरक र बढी रहेको भन्दै ना ६ ख २३३५, ना ६ ख ४४४६ र बा.प्र. ०३– ००१ ख १९९७ नम्बरका ट्रक नियन्त्रणमा लिइएको सशस्त्र प्रहरी नायव उपरीक्षक सन्तोष बस्नेतले बताए ।
सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको ट्रकमा भटमास, किसमिस, तकिया, नेट पर्दाको कपडालगायतका सामान रहेको र ती सामानको मूल्य १ करोड २१ लाख २२ हजार ८ सय ३७ रुपैयाँबराबरको रहेको सशस्त्र प्रहरी नायव उपरीक्षक बस्नेतले बताए ।
नियन्त्रणमा लिइएका ट्रक, सामानसहित थप कारबाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैयामा बुझाएको सशस्त्र प्रहरी १३ नम्बर गणका प्रवक्ता एवम् प्रहरी नायव उपरीक्षक बस्नेतले जानकारी दिए ।

# वीरगंजमा भंगेरा संरक्षण अभियान सुरु

**बासस्थान अभावमा भंगेरा लोप हुन थालेपछि संरक्षणका लागि संस्थाले पक्की घरकै बार्दली, झ्याल र भेन्टिलेसन भएका कोठामा राख्न मिल्ने तरिकाले निर्माण गरिएका गुँड वीरगंजमा वितरण सुरु भएको छ ।**

**मधेशदृष्टि**
**वीरगंज ।**
मानिसको आसपास गुँड बनाएर बस्ने भंगेरा चरा विश्वबाटै लोप हुँदै गइरहेको भन्दै भंगेरा संरक्षणका लागि वीरगंजमा अभियान सुरु भएको छ । ज्वाइनिङ ह्याण्डस् फर गुड रिजनले भंगेरा लोप हुनबाट बचाउन भंगेरा बस्ने गुँड वितरण गरेको छ ।
संस्थामा आवद्ध स्वयम्सेवीहरुले भंगेरा बस्ने गुड वीरगंज महानगरपालिकाको सहकार्यमा पहिलो चरणमा ५ सय थान विभिन्न घर धुरीलाई निःशुल्क वितरण गरेको संस्थाका सदस्य अनिशकान्त कुशवाहाले बताए । नेपाल र भारतमा हिन्दू धर्मसंस्कृतिमा शुभ संकेत मानिने भंगेरा बासस्थानको अभावमा लोप हुन थालेको अवस्था देखिएपछि संरक्षणका लागि आफूहरुले अभियान नै सुरु गरेको कुशवाहाले जानकारी दिए ।
भंगेरा खासगरी कच्ची घरहरुको खरले छाएको छाना र पाली, गोठ, परालको टौवामा गुँड बनाएर बस्ने गरेकोमा हाल बढ्दो सहरीकरणका कारण खरले छाएका कच्ची घर लोप हुन लागेको र गाउँमा समेत पक्की घर र टिनले छाएर घर बनाउने प्रचलन बढेपछि भंगेरा लोप हुँदै गइरहेका छन् ।
बासस्थान अभावमा भंगेरा लोप हुन थालेपछि संरक्षणका लागि संस्थाले पक्की घरकै बार्दली, झ्याल र भेन्टिलेसन भएका कोठामा राख्न मिल्ने तरिकाले निर्माण गरिएका गुँड वितरण थालिइएको कुशवाहाले बताए ।
अभियानअन्तर्गत महानगरपालिकाका विभिन्न वडामा माग भएबमोजिम गुँड निर्माण गरी निःशुल्क वितरण गरिने जनाइएको छ । यसैबीच, शुक्रबार राति वीरगंजमा लागेको रात्रीबजारमा राखिएको स्टलबाट वीरगंज महानगरपालिका नगर प्रमुख राजेशमान सिंहले ५ सय थान गुँड संस्थाबाट लिएर वितरण गर्ने कुशवाहाले बताए ।




# वृद्धाश्रम सञ्चालनमा सहयोग जरुरीः श्रीवास्तव



**मधेशदृष्टि**
**वीरगंज ।**
पूर्व श्रममन्त्री बिमल प्रसाद श्रीवास्तवले सहाराविहीन ज्येष्ठ नागरिकलाई राख्न सञ्चालन गरिएको वृद्धाआश्रमलाई सबैको सामुहिक सहयोगको आवश्यकता रहेको बताएका छन् ।
वीरगंज महानगरपालिका वडा नम्बर १६ नगवा भुटनदेवी मन्दिरनजिक रहेको वृद्धाआश्रममा नेपाल प्रौढ संघको आयोजना तथा किरण आँखा अस्पतालको सहकार्यमा आयोजित निःशुल्क आँखा परीक्षण शिविर उद्धाटन गर्दै पूर्वमन्त्री श्रीवास्तवले आफूले आश्रमलाई निरन्तर सहयोग गर्ने बताए ।
कार्यक्रमका मधेश प्रदेशका प्रथम मुख्यमन्त्री एवम् प्रदेश सभा सदस्य लालबाबु राउतले विगतमा आश्रम बनाउन सहयोग गरेको तथा अब आउने दिनमा आश्रमका अधूरा काम पनि पूरा गर्ने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा वीरगंज महानगरपालिका वडा नम्बर १६ का वडा अध्यक्ष परशुराम चौरसियाले आगामी आर्थिक वर्षमा वृद्धाआश्रमलाई वडा कार्यालयका तर्फबाट ५ लाख रुपैयाँ सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे । निःशुल्क आँखा परीक्षण शिविरमा १ सय २५ जना ज्येष्ठ नागरिकको आँखा परीक्षण गरिएको थियो । तीमध्ये १३ जनामा मोतियाबिन्दु देखिएकाले किरण आँखा अस्पतालमा निःशुल्क शल्यक्रिया गराइने कार्यक्रम संयोजक अशोक कुमार गुप्ताले जानकारी दिए ।
कार्यक्रममा वीरगंज महानगरपालिका वडा नम्बर ८ का अध्यक्ष रितेश गुप्ता, नेपाल प्रौढ संघका अध्यक्ष कृष्ण प्रसाद श्रेष्ठ, नन्दलाल राउत, श्रवण बहादुर रायमाझी, मनोज मिश्र लगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा वृद्धाआश्रममा वृक्षारोपण समेत गरिएको थियो ।

# रगत अभाव टार्न रक्तदान




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा रगतको अभाव भएसँगै लिटिल बडी इन्टरनेशनल प्रिस्कूल पानी ट्यांकी र रोट्र्याक्ट क्लब अफ वीरगंज मेट्रोपोलिटीको संयुक्त आयोजनामा रक्तदान भएको छ ।
कार्यक्रममा ६ महिलासहित ४० जनाले रक्तदान गरे ।
रक्तदान कार्यक्रम शुभारम्भ वीरगंज युवा समाजका पूर्वअध्यक्ष कमल चौगाईले गरेका थिए । कार्यक्रममा स्कूलका प्रिन्सिपल विजय कुमार बल, पुरन प्रधान, छेन्दीप लामा, राहुल श्रीवास्तव, सुरजबाबु पटेल, रोट्र्याक्ट क्लबका रेशु अग्रवाल, प्रकाश कर्ण, अनिल जयसवाललगायतको सहभागिता थियो ।

# १२८४ लाई एआरटी सेवा



**मधेशदृष्टि**
**वीरगंज ।**
एड्स हेल्थ केयर फाउन्डेशन नेपाल र नारायणी अस्पतालको संयुक्त सहकार्यमा सञ्चालित एआरटी (एन्टि रेक्ट्रो भाइरल)सेवाबाट १ हजार २ सय ८४ जना लाभान्वित भएका छन् ।
पर्साका मात्रै सबैभन्दा धेरै ७ सय ५२ एचआइभी संक्रमितले सेवा लिइरहेको एएचएफ नेपालका पर्सा प्रतिनीधि आशिष गुरागाइँले जानकारी दिए ।
नारायणी अस्पतालबाट एआरटी सेवा लिनेमा बाराका ३ सय ४२, रौतहटका ९८, सर्लाहीका ८५, मकवानपुरका ४ र धनुषाका ३ जना छन् ।
पर्साका १४ स्थानीय तहमध्ये सबैभन्दा बढी वीरगंज महानगरपालिकामा एचआइभी एड्स संक्रमित छन् ।
वीरगंज महानगरपालिकामा २ सय ४८ संक्रमितले सेवा लिँदै आएको र सबैभन्दा कम ठोरी गाउँपालिकाबाट १४ जनाले सेवा लिइरहेका छन् ।

# नेपाली माटोको टायल्समा सम्भावना खोजिँदै



**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको जितपुरमा झण्डै २ अर्ब रुपैयाँको लागतमा सञ्चालित नेपाल सेरामिक इन्डष्ट्रिजले नेपाली कच्चा पदार्थबाट टायल्स निर्माण गर्न सकिने जनाउँदै 'आफ्नै माटो–आफ्नै शान' विषयक अन्तरक्रिया गरेको छ ।
इन्डष्ट्रिजले नेपोभिट टायल्स उत्पादन गर्दै आएको र टायल्सको कच्चा पदार्थको रुपमा नेपाली माटो प्रयोग भइरहेको सन्देश प्रवाहका लागि अन्तरक्रिया गरिएको कम्पनीका अध्यक्ष शम्भुनाथ झाले बताए ।
स्वदेशी कच्चा पदार्थ पहिचान गरी देशवासीलाई उचित मूल्यमा विश्वस्तरीय टायल्स उपलब्ध गराउने उद्देश्य कम्पनीको रहेको झाले जानकारी दिए । उनले नेपाली माटोबाट बनेका टायल्स विश्वमा बिकाउने र आयआर्जनको बाटो खोल्ने पनि उद्देश्य रहेको बताए ।
अन्तरक्रियामा जिल्ला प्रशासन कार्यालय बाराका प्रमुख जिल्ला अधिकारी नवराज सापकोटा, राष्ट्रिय समाचार समितिका अध्यक्ष धर्मेन्द्र झा, नेपाल उद्योग वाणिज्य संघका केन्द्रीय सदस्य डा. सुबोध कुमार गुप्ता, जिल्ला प्रहरी कार्यालय बाराका प्रमुख प्रहरी उपरीक्षक होबिन्द्र बोगटीलगायत सुरक्षा निकायका प्रमुख एवम् उद्योगी, व्यवसायी, सञ्चारकर्मीको उपस्थिति थियो । स्थापनाको पहिलो वर्षमै नेपोभिट टायल्स्ले एक सय भन्दा धेरै स्थानीयलाई प्रत्यक्ष रोजगारी प्रदान गर्नुका साथै देशभर ५ सय भन्दा बढीलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी प्रदान गरेको कम्पनीका प्रबन्ध निर्देशक मनोज प्रसाद रौनियारले बताए ।




देशभर कच्चा पदार्थका लागि सम्भाव्यता अध्ययन गरी कच्चा पदार्थको पहिचान गरेको पनि रौनियारले दाबी गरे । वातावरण संरक्षणलाई मध्यनजर गर्दै आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत नेपोभिट टायल्सले वृक्षारोपण गर्दै आएको रौनियारले बताए ।
नेपालको मौलिक कला र संस्कृति संरक्षणका क्षेत्रमा पनि कम्पनीले काम गर्दै आएको रौनियारले बताए । विदेशबाट आयातित टायल्सको प्रभुत्व नेपाली बजारमा रहेको अवस्थामा स्वदेशी टायल्सको बजार बढाउँदै आयातलाई कम गरी अर्थतन्त्र सुधारमा टेवा पु¥याउने कम्पनीको योजना छ ।
नेपालमा वार्षिक अर्बौं रुपैयाँको टायल्स आयात हुँदै आएको छ । कम्पनीको स्थापनाबाट विदेशबाट टायल्सको आयात केही हदसम्म भए पनि प्रतिस्थापन गर्ने कम्पनीका प्रबन्ध निर्देशक रौनियारले बताए ।
अन्तरक्रियाको सहजीकरण सञ्चारकर्मी निलिमा पौडेलले गरेकी थिइन् ।

# चिल्ड्रेन पार्कको अतिक्रमण हटाइयो



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका प्रमुख राजेशमान सिंहको निर्देशनमा शनिबार वडा नम्बर ४ स्थित चिल्ड्रेन पार्कको जग्गा अतिक्रमण गरी बनाइएको घरटहरा हटाइएको छ ।
झण्डै ३ कठ्ठा १० धुर अतिक्रमण खाली गराइएको वीरगंज महानगरपालिकाका प्रशासन प्रमुख राजकृष्ण ताम्राकारले जानकारी दिए । पटकपटक सूचना गर्दा पनि अतिक्रमण हटाउन अटेर गरेपछि भौतिक पूर्वाधार अतिक्रमण नियन्त्रण समितिका संयोजक तथा वडा नम्बर ५ का वडा अध्यक्ष प्रदीप चौरसियाको नेतृत्वमा गएको टोलीले अतिक्रमण खाली गराएको थियो ।
टोलीमा वीरगंज महानगरपालिकाका नगर प्रमुखका सचिवालय सल्लाहकार हरि पोखरेल, नगर प्रहरी प्रमुख हरि प्रसाद भुसाललगायतको सहभागिता थियो ।

# युवाको पहलमा राममन्दिरमा सरसफाइ

**मधेशदृष्टि**
**वीरगंज ।**
धार्मिक र सांस्कृतिक सम्पदा स्वच्छ र सफा राख्ने उद्देश्यका साथ वीरगंज महानगरपालिका वडा नम्बर २० स्थित पोखरी टोलअवस्थित रामजानकी मन्दिरमा सरसफाइ गरिएको छ ।
स्थानीय युवाको संस्था सेवा समूह नेपालको आयोजनामा मन्दिर प्राङ्गण र आसपासको क्षेत्रमा सरसफाइ गरिएको हो ।
समूहका अध्यक्ष अङ्केत पूरीले समूहले प्रत्येक साताको अन्तिम दिन अर्थात शनिबार एउटा सामाजिक काम गर्ने अभियानअन्तर्गत मन्दिरमा सरसफाइ गरेको बताए ।
सरसफाइमा इलाका प्रहरी कार्यालय सुगौली बिर्तामा कार्यरत प्रहरीले पनि ठूलो भूमिका खेलेको पूरीले बताए ।
कार्यक्रममा नेपाली कांग्रेसका अरुण पूरी, उपेन्द्र यादव, सन्दीप पूरा, संस्थाको तर्फबाट राजकुमार पुरी, स्थानीय भोला यादव, जयमङ्गल सिंह, कुन्दन पूरी लगायतको सहभागिता थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका–१५, दर्ता नं. ३११–०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम–२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१–५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन